# भूकम्पबाट पीडितहरुको राहत, पुनर्स्थापना तथा पुननिर्माण सम्वन्धमा प्रस्तुत संकल्प प्रस्ताव उपर व्यवस्थापिका-संसदमा भएको छलफलमा उठेका विषयहरुका सम्वन्धमा नेपाल सरकारको तर्फबाट माननीय उपप्रधान तथा गृहमन्त्रीबाट दिनुभएको जवाफ तथा व्यक्त प्रतिबद्धता

**सम्माननीय सभामुखज्यू,**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको इतिहासमा पहिलो पटक व्यवस्थापिका-संसदमा संकल्प प्रस्ताव राष्ट्रिय एकताको प्रतिकको रुपमा प्रस्तुत भएको छ । विनासकारी भूकम्पका कारण भएका जनधनको क्षतिको उद्धार, राहत, पुनर्निर्माण र पुनर्स्थापनाका कामहरु राष्ट्रिय अठोटका रुपमा पूरा गर्न यो संकल्प प्रस्ताव प्रस्तुत भएको छ । भर्खरैसम्म चलेका संसद वैठकहरुमा विचार प्रस्तुत गर्नुहुने माननीय सदस्यहरुले यो संकल्प प्रस्तावलाई सैद्धान्तिक वहश मात्र होइन कार्यक्षेत्रमा मार्गदर्शक आदेशका रुपमा लिन सरकारलाई सुझाव दिनुभएको छ । सिंगो राष्ट्रलाई अभूतपूर्व रुपमा एकताबद्ध गर्दै उद्धार, राहत र पुननिर्माणका लागि पौने तीन करोड नेपाली जनताको संयुक्त इच्छा शक्तिका रुपमा प्रस्तुत यो संकल्प प्रस्तावलाई पथप्रदर्शक कार्यादेशका रुपमा सरकारले ग्रहण गर्दछ ।

सम्माननीय प्रधानमन्त्री श्री सुशिल कोइरालाले २५ गते व्यवस्थापिका संसदको यसै अधिवेशनलाई ‘आपसी संवाद, सहमती, सहकार्य, एकता र मेलमिलाप’ द्वारा यो महाविपत्तिबाट नेपाली जनतालाई मुक्त गरी नव निर्माण गर्न संविधानसभा व्यवस्थापिका-संसद भित्र र वाहिर रहेका सबै राजनीतिक पार्टीहरु तथा देश र प्रवाशमा रहेका सबै नेपालीहरुलाई एकताबद्ध हुन गर्नुभएको आव्हानका भावनाहरु यस संकल्प प्रस्तावका हरेक बुँदामा प्रतिबिम्वित भएका छन् । सरकारले संकल्प प्रस्तावका प्रत्येक विषयलाई योजनाबद्ध रुपमा प्रत्येक निकाय र पदाधिकारीको स्पस्ट कार्यविभाजन गरेर कार्यान्वयन गर्नेछ । सरकारका हरेक कार्यक्रमहरुलाई नेपाली जनताको सार्वभौम अधिकारलाई प्रतिनिधित्व गर्ने यो संसदले निरन्तर मार्गदर्शन तथा अनुगमन गरोस् भन्ने सरकारको धारणा छ । व्यवस्थापिका-संसदमा प्रतिनिधित्व नभएका राजनीतिक पार्टीहरुसँग पनि यो महाविपत्तिमा सहयोग र साथ लिने अधिकतम कोशिश नेपाल सरकारले गर्नेछ ।

**सभामुख महोदय**

भूकम्पका पराकम्पन अहिले पनि निरन्तर गइरहेका छन् र ति मध्ये केही थप विनासकारी देखिएका छन् ।  १२ गतेको भूकम्पबाट भएको धनजनको क्षतिमा १३ गतेको भुकम्पले अरु थप्ने काम गरेको थियो । हिजो २९ गते सम्मानित सदनमा विनासकारी भूकम्पका वारेमा छलफल चलिरहेकै अवस्थामा दोलखाको सुनखानी केन्द्र भै आएको १२:५० मिनेट जाँदा आएको ६.८ रेक्टर स्केल (ML) को भुकम्पको पराकम्पनले दोलखा र त्यसको आसपासमा विनाशलिला मच्चाएको छ र त्यहाँ अरु धेरै जनधनको क्षति गराएको छ । त्यहाँ मानिसहरु ठूलो संख्यामा हताहत भएका छन् । काठमाण्डौ उपत्यकामा पनि त्यसको प्रभाव पर्‍यो । यहाँ पनि जनधनको थप क्षति भएको छ । भूगर्भविद्हरुका अनुसार पहिलो विनासकारी भूकम्प भन्दा थोरै शक्तिका भूकम्प जानुको अर्थ, भूगर्ममा जमेर रहेको शक्ति वाहिर आइरहेको छ । यसरी आएका भूकम्पका कम्पनहरु सो भन्दा साना भएकोले ठूलो भूकम्पको संभावना कम हुँदै गइरहेको छ भन्ने उहाँहरुको भनाइ रहेको छ । तिनै साना भूकम्पले पनि विपत्तिमाथि विपत्ति थपिदिएका छन् । तर हामीसँग त्यसको सामना गर्नुको विकल्प छैन । हिँजै पनि भूकम्प आएको केही मिनेटमा नै हाम्रा कर्तव्यनिष्ठ सुरक्षाकर्मीहरु उद्धारमा तत्काल परिचालन भए र केही घण्टाभित्रै धेरै घाइते र भूकम्पको चपेटामा परेका अनेक यक्तिहरुको उद्धार गरेका छन् । आज बिहान १०:०० बजेसम्ममा १९१८ जनाको उद्धार गरिएको र पीडितहरुलाई सुरक्षित स्थानमा पुर्‍याउने क्रम निरन्तर जारी छ । सबभन्दा पछिल्लो सूचना अनुसार थप ६५ जनाले ज्यान गुमाएको पाइएको छ । यो पराकम्पनबाट भएका क्षतिको विवरण प्राप्त हुने क्रम जारी छ । यसैबीच उद्धारमा गएको अमेरिकी हेलिकप्टर सम्पर्कबिहीन भएको सूचना प्राप्त भएको छ । त्यसको खोजी भैरहेको छ । त्यसबारेमा यथार्थ र विस्तृत विवरण प्राप्त भएपछि तत्काल सार्वजनिक गरिनेछ ।

**सभामुख महोदय,**

यो विश्व हरेक हिसावले पारस्परिक एकता र अन्तर्निभरतातर्फ बढी राखेको आजको अवस्थामा कुनै सदस्य राष्ट्रमा देखिएको महाविपत्तिबाट पार लगाउन उदार र उदात्त सहयोग गर्नु प्रत्येक सभ्य राष्ट्रको उच्चतम कर्तव्य हो । नेपाल आज शोकलाई शक्तिमा वदल्दै महाविपत्तिबाट पुनर्निर्माणको महाअभियानमा सामेल भैहरहेको छ । यस्तो विपदको अवस्थामा नेपालले अन्तर्राष्ट्रिय स्तरबाट सहयोगको अपेक्षा अधिकारका रुपमा ग्रहण गर्दछ  । त्यसैले सम्पूर्ण अन्तर्राष्ट्रिय सहकार्य र सहयोग हामीले वनाएको राष्ट्रिय प्राथमिकता र योजनामा आधारित र आबद्ध भयो भने मात्रै अपेक्षित प्रतिफल प्राप्त हुनेछ भन्ने कुरा म दृढताका साथ राख्न चाहन्छु । हामीले २१औं शताब्दी अनुकुलको लोकतन्त्रमा आधारित संघीय गणतन्त्र नेपालको घोषणा गरेका छौं । नेपाललाई तद्नुरुप

पुनर्निर्माण गर्ने कुरामा हामी पूर्ण प्रतिबद्ध छौं । हामी अहिले महाविपत्तिबाट निस्कन लागिरहेका छौ । यस्तो अवस्थामा हामीलाई अन्तर्राष्ट्रिय सहयोग अत्यन्त जरुरी छ । म सरकारको तर्फबाट यो सम्मानीत सदन समक्ष घोषणा गर्दै विश्वास दिलाउन चाहन्छु कि सहयोग प्राप्त गर्ने नाममा हामी हाम्रो स्वतन्त्रता, सार्वभौमिकता, अखण्डता, संघीयता, लोकतन्त्र र गणतन्त्र रत्तिभर कमजोर हुनेगरी संसारको कुनै पनि शक्तिसँग कुनै सम्झौता गर्ने छैनौ । हामी अन्तर्राष्ट्रिय सहयोगलाई हाम्रो राष्ट्रियता सुदृढ हुनेगरी प्राथमिकताका साथ परिचालन गर्नेछौ ।

महाविपत्तिमा हजारौ व्यक्तिहरुको जीवन जोखिममा परिरहेको हुन्छ र त्यस्तो अवस्थामा प्रत्येक जीवनको रक्षा अति उच्च महत्वको जिम्मेवारी हुन्छ । यो जिम्मेवारी अति संवेदनशील र जोखिमयुक्त पनि हुन्छ । सीमेन्ट, स्टील र कंकक्रिटहरुको महाजालोबाट वनेको क्षतिग्रस्त संरचनाबाट त्यस्तो जीवनको सकुशल उद्धार दक्ष जनशक्ति र आधुनिक र वैज्ञानिक साधनहरुको सहयोगमा मात्र सम्भव हुन्छ । यस किसिमको जनशक्ति र साधनहरु सबैजसो देशका सरकारहरुले सम्बन्धित सरकारी निकायभित्रै व्यवस्था गरेका हुन्छन् । हामीसँग त्यस्तो जनशक्ति र साधनहरु पर्याप्त नभएको अवस्थामा मित्रराष्ट्रबाट सहयोगको अपेक्षा हामीले स्वभाविक रुपमा गऱ्यौं । दक्ष जनशक्ति र साधन भएका देशहरुले बिभिन्न साधन सहित सैनिक र गैरसैनिक दस्ताहरु यहाँ पठाए । यहाँ आएका यस किसिमका सबै दस्ताहरुलाई नेपाली सेनाको मातहत राखि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वलसँग समन्वयमा काममा लगाइयो । हामीले विनाशकारी भूकम्प आएको १२ गते अपरान्हदेखि नै सम्पूर्ण राष्ट्रिय र अन्तर्राष्ट्रिय शक्तिलाई उद्धारमा केन्द्रित गऱ्यौं । क्षतिग्रस्त संरचनाका भग्नावशेषबाट १६ जनाको जीवनको उद्धार र रक्षा गऱ्यौं तथा विपत्तिमा परेका र जीवन खतरामा रहेका अरु ९५३० जनालाई उद्धार गऱ्यौं । उत्पन्न कठिन परिस्थिति र भौगोलिक जटिलताका बाबजुद १७,६१९ घाइतेहरुलाई उद्धार गरी उपचारस्थलसम्म पुऱ्यायौं । अति सीमित साधन र जनशक्तिको व्यवस्थापनबाट हामीले गरेका कामहरुको सबैले उच्च सम्मान र प्रशंसा गरेका छन् । वैशाख महिनाको २० गते आधारभूत रुपमा उद्धारको चरण समाप्त भएको निष्कर्षका साथ उद्धारका निम्ति नेपाल आएका सबै सैनिक र गैरसैनिक दस्ताहरुलाई धन्यवाद दिएर आ-आफ्नो देश फर्कन औपचारिक रुपमै अनुरोध गऱ्यौं । तद्नुरुप अधिकांश दस्ताहरु फर्किसकेका छन् । उद्धार दस्ता सँगै आएका विदेशी स्वास्थ्य टोलीहरु सबैलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका मातहत नेपाली चिकित्सक सहित परिचालन गरियो । अत्यन्त कठीन परिस्थितिमा विकट भन्दा विकट क्षेत्रमा गएर उनीहरुले पीडितहरुलाई सेवा गरे ।

**सभामुख महोदय,**

धेरै माननीय सदस्यहरुले कतिपय पीडितले लामो समयसम्म पनि तत्काल राहत नपाएको बारे जायजै गुनासो र आलोचना गर्नुभएको छ । यस सम्वन्धमा मैले पहिले पनि यो सदन समक्ष आत्मालोचना गरेको छु । तर, प्राकृतिक घटनाक्रमले प्रकृतिको प्रणाली मात्र होइन सामाजिक आर्थिक र प्रशासनिक प्रणालीलाई पनि भत्काइ दिन्छ वा क्षति पुर्‍याउछ । भत्किएको वा क्षतिग्रस्त प्रणाली मिलाउन प्रकृतिलाई पनि समय लाग्छ र तोडिएका सामाजिक आर्थिक र प्रशासनिक व्यवस्था पुनः मिलाउन त समय लाग्छ नै । १२ गतेको भूकम्पले केही समय सरकार अस्तव्यस्त भयो भनेर आलोचना गरियो । यो त स्वभाविक कुरा नै हो । प्रणाली तोडिएपछि कहाँ अस्त व्यस्त हुँदैन र ? तर, हामी केही घण्टामै सम्हालिएका छौ । उद्धार सँगसँगै हामीलाई उत्तिकै शक्तिका साथ राहतमा लाग्नुपर्‍यो । जसले गर्दा कमी कमजोरीहरु देखिए । पूर्व तयारी पर्याप्त भएन भन्ने आलोचना पनि भएको छ । यो आलोचना सही छ तर केही पनि भएन भन्ने आलोचना सहि छैन । हामीसँग जस्तोसुकै अवस्थामा विपद व्यवस्थापन गर्ने नीति छ, रणनीति र कार्यनीति पनि छ र यसको आवश्यकस्तरमा कार्यान्वयन गर्न सकिएको छैन । संसारभरीका देशहरुले यस्तै संरचनाबाट व्यवस्थापन गर्छन् । हाम्रो अभाव भनेको पर्याप्त दक्ष जनशक्ति र आधुनिक  साधनहरु को हो । हामी सँग भएको अर्को अभाव आधारभूत तहका जनता बीच काम गर्ने निर्वाचित संरचनाको हो । यो आधारभूत तहमा सेवा पुर्‍याउने अति महत्वपूर्ण संरचना हो । हामीसँग अहिले त्यो संरचनाका रुपमा काम गर्ने स्थानिय निकायहरु छैनन् । संरचनाका रुपमा गाविसमा एक जना सचिव मात्र छ । यो वर्तमान सरकार मात्रैको कमजोरी होइन । त्यसैले म माननीय सभासदज्यूहरु लगायत सबैलाई यी सबै परिस्थितिजन्य कमजोरीहरुलाई तद्नुरुप बुझिदिन हार्दिक अनुरोध गर्दछु । पाल तथा त्रिपालको अभाव पनि गम्भीर आलोचनाको विषय बन्यो । तर यसका बारेमा पनि यथार्थ कुरा यस सम्मानित सदनलाई नलुकाइ भन्नै पर्ने हुन्छ । दुई दिनमा हामीले ५० हजार भन्दा केही बढी पाल तथा त्रिपाल पीडित जनतासमक्ष पुर्‍याएका हौ । केन्द्रीय दैवी प्रकोप उद्धार समितिसँग रहेका ३२ हजार, नेपाल रेडक्रशसँग भएका १९ हजार र नेपाल उद्योग वाणिज्य महासंघले तत्काल व्यवस्थापन गरेका १५ हजार पाल तथा त्रिपाल पीडित जनताहरुसमक्ष  पुर्‍यायौं । रेडक्रश र उद्योग वाणिज्य महासंघहरु केन्द्रीय दैवी प्रकोप उद्धार समितिका स्थायी सदस्यहरु हुन् । अर्को हाम्रो द्रैवी प्रकोप उद्धार व्यववस्थापनको स्थायी स्रोत संयन्त्र नेपाल स्थित संयुक्त राष्ट्रसंघीय निकाय हुन् । । उनीहरुसँग पनि भएको स्टोर रित्तिएर होला हामीले अपेक्षा गरेको पाल पाउन सकिएन । हामीले नेपालस्थित भारतीय दूतावासलाई मौखिक तथा आधिकारीक पत्र लेखेर नै तीन लाख त्रिपाल तथा पाल अनुदान अथवा मूल्य तिर्ने गरी तुरुन्तै उपलब्ध गराउन अनुरोध

गऱ्यौ । यसका साथै चीन, थाइल्याण्ड, पाकिस्तान, बंगलादेश, साउदी अरबलाई मौखिक तथा पत्राचार गरेर अनुरोध गऱ्यौं । केहीले सय, केहीले हजार थान त पठाइदिए तर लाख कसैले पनि भुकम्पको १० दिनसम्म पठाउन सकेनन् । उनिहरुसँग पनि यो संख्यामा तत्काल उपलब्ध नभएकैले होला कसैले पनि उल्लेख्य संख्यामा पाल, त्रिपाल उपलब्ध गराउन सकेनन् । अहिले भने सरकार आफै अन्तर्राष्ट्रिय संस्थाहरु र विभिन्न निजी संस्था र व्यक्तिहरुको सहयोगमा पाँच लाख भन्दा धेरै पाल तथा त्रिपाल पीडित समक्ष पुऱ्याउन सकेको छ । अब केही दिनभित्र ४ लाख भन्दा बढी पाल तथा त्रिपाल आउनेछन् र वितरण गरिनेछ । साथै सरकारले जनताको माग वमोजिम दुई वण्डल जस्ता पाता प्रतिपरिवारका दरले दिने गरी वितरण शुरु गरिसकेको छ । देशभित्र उपलब्ध भएसम्म यहीबाट नपुग भए छिमेकी देशहरुबाट पनि ल्याएर जनता समक्ष पुऱ्याइनेछ ।

खाद्यान्नका रुपमा पहिलो तीन दिनसम्म सकेसम्म तात्कालिक राहतका निम्ती धेरै ड्राई फुड पीडितहरुका बीचमा पुऱ्याइयो । त्यसपछि जिल्लाहरुमा भएका खाद्य डिपोहरुबाट चामल, दाल, नुन, तेल, चीनि वितरण शुरु गरियो । नजिक र जिल्ला सदरमुकाममा पनि दुई दिन सम्म हेलिकप्टरबाट वितरण गरियो, तेस्रो दिनदेखि रसुवा वाहेक संकटग्रस्त जिल्लाका सदरमुकाममा ट्रकहरुबाट खाद्यान्न र गैर खाद्यान्न राहत सामान पठाउने व्यवस्था गरियो । आगामी दिनमा पनि ठूलो संख्यामा रहेका पीडितहरुलाई खाद्यान्न उपलब्ध गराउन पर्ला भनेर त्यसका लागि पनि सरकारले योजना वनाएको छ । सम्माननीय प्रधानमन्त्रीले जनतालाई केही समय धैर्य गर्न अनुरोध गर्दै कुनै पनि नेपाली जनतालाई भोकै बस्न नपर्ने र बासविहिन रहन नपर्ने गरी व्यवस्थापन गर्नेछौ ढुक्क रहनुहोस् भनेर आव्हान गर्नुभएको छ । तद्नुरुप म फेरी त्यो प्रतिबद्धतालाई आज सरकारका तर्फबाट दोहोऱ्याउँछु । सभामुख महोदय, सिंगो राष्ट्रले एकताबद्ध भएर शोकलाई शक्तिमा बदल्ने अठोट गरेका बेला कोही पनि भोकभोकै र असुरक्षित तथा आवास विहिन कसरी रहन सक्ला ?

**सम्माननीय सभामुखज्यू,**

वितरणमा सुव्यवस्था भएन भन्ने गुनासो पनि सुनिएको छ, यस सम्वन्धमा पनि केही स्पष्टिकरण दिन मैले जरुरी ठानेको छु । हामीले सरकारी वितरण व्यवस्थासँगै निजी संस्था र व्यक्तिहरुलाई राहत वितरण गर्न खुल्ला छुट दियौं त्यसो गर्दा उनीहरुले केन्द्रमा र जिल्लास्थित प्रमुख जिल्ला अधिकारी वा दैवी प्रकोप उद्धार कार्यालयमा जानकारी दिएर आफुले चाहेको ठाउँमा नै वितरण गर्न भनियो । अहिले फेरी कहि दोहोरियो तेहरियो कँही राहत जानै पाएन भन्ने गुनासाहरु आएका छन् । अझ कति ठाउँमा

राहत बीच वाटोमै लुटपाट भयो भन्ने सूचना पनि प्राप्त भएका छन् । यी सबै आलोचना, गुनासा र सूचनाहरुको आधारमा सरकारले वितरण प्रणालीलाई व्यवस्थित गर्न केही सुधार गरेको छ । केन्द्रमा प्रधानमन्त्रीको संयोजकत्वमा सर्वदलीय अनुगमन तथा सहयोग समिति भए जस्तै जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्ला दैवी प्रकोप उद्धार समितिमा सर्वदलीय प्रतिनिधित्व गराउने र गाउँमा गाविस सचिवको संयोजकत्वमा सर्वदलीय समिति वनाउने यिनिहरुकै उपस्थितमा सुरक्षा निकायका सदस्यहरुले राहत वितरण गर्ने व्यवस्था गरिएको छ । त्यस्तै निजी संस्था र व्यक्तिहरुले आफै राहत वितरण गर्न चाहेमा जिल्लाको एकीकृत योजना र निर्देशन वमोजिम वितरण गर्नुपर्ने र त्यसो गर्दा सरकारको प्रतिनिधि अनिवार्य राख्नुपर्ने व्यवस्था गरिएको छ । तर कुनै पनि राहत वा सहयोगका लागि गलत सिफारिस गर्ने अधिकारीहरु र छलछाम गरेर लिने व्यक्तिलाई कडा कारवाही गर्ने व्यवस्था गरिएको छ । त्यस्तै कसैले राहत सामाग्री लुटपाट गर्ने, अनावश्यक रुपमा जम्मा गर्ने काम गरेको पाइएमा कडा कानूनी कारवाहि गरिनेछ । यस्तो मानवीय संवेदनाका समयमा पीडितलाई आफूसक्दो सहयोग गर्नुपर्नेमा उल्टै लुटपाट गर्ने वा दुरुपयोग गर्ने काम भएमा त्यस्तो घोर अमानवीय काम सैह्य हुनै सक्दैन ।

**सभामुख महोदय,**

कतिपय माननीय सदस्यहरुले विपद व्यवस्थापनमा आफ्नो भूमिका खोज्नुभएको छ, यसलाई जायज विचार मान्नुपर्छ । मैले यस सम्वन्धमा पहिले पनि माननीय सदस्यहरुको भूमिका कसरी प्रभावकारी हुन सक्छ भन्ने वारेमा उल्लेख गरेको छु । माननीय सदस्यहरुलाई सरकारले कानुन वमोजिम वाहेक कुनै कार्यमा अनिवार्य गर्न सक्दैन तर कहिँ कतै अपेक्षित व्यवहार नभएको भए सच्चाइनेछ । सम्बन्धित क्षेत्रका माननीय सदस्यहरुले सहयोग तथा अनुगमन गर्न चाहेका सबै ठाउँमा सम्मानजनक भूमिका प्रदान गर्न निर्देशन गरिएको छ । उहाँहरुले निजी संस्थाहरु र व्यक्तिले जस्तै आफुले राहत जम्मा गरेर वितरण गर्न चाहनुभएमा पनि सरकारले आवश्यक सहयोग गर्ने नै छ । अबदेखि हरेक जिल्लामा स्थानीय विकास अधिकारी सदस्य सचिव रहने गरी जिल्लामा रहनु भएका माननीय सदस्यहरु रहनुभएको एक अनुगमन समिति वनाइनेछ । अनुगमन समितिको संयोजकत्व पालैपालो माननीयहरुले गर्नुहुनेछ । अनुगमन समितिले विकास निर्माण र उद्धार राहतका सम्वन्धमा दिने सुझावलाई प्राथमिकतामा सम्वन्धित निकायले कार्यान्वयन गर्नेछ ।

**सम्माननीय सभामुखज्यू,**

कतिपयले प्रधानमन्त्री राहत कोषमा सहयोग गर्नु हुँदैन भनेको पनि सुनिएको छ । कतिपय दाता सँस्था वा राष्ट्रहरुले आफ्ना स्थानीय सँस्थाहरु मार्फत आफ्नो सहयोग परिचालन गरेको वा गर्न खोजेको पनि अनुभव गरिएको छ । जनउत्तरदायी हुने लोकतान्त्रिक सरकार र संवैधानिक व्यवस्था कमजोर वनाउने गरी कुनै पनि किसिमका टिप्पणी र व्यवहार नगर्न सबै मित्रहरुलाई अनुरोध गर्दछु ।

ठोस विषयहरुमा साझा सहमती भयो भने मात्र राष्ट्रिय सहमति कायम गर्न सकिन्छ । आज पनि राष्ट्रको सबै भन्दा ठूलो कार्यभार संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी गर्नु हो । संविधानसभामा रहेका राजनीतिक पार्टीहरुका बीच राज्यको पुर्नसंचनामा गम्भीर मतभिन्नता रहेका छन् । यी मतभिन्नताहरुलाई व्यवस्थापन गर्दै निकट भविष्यमा संविधान जारी गर्न सकिने कार्ययोजनामा सहमति गरौं भन्ने अनुरोध गर्न चाहन्छु ।

**सभामुख महोदय**

हामी भूकम्पीय उच्च जोखिममा रहेको कुरा यस पटक सबैले बुझ्ने गरी स्पष्ट भएको छ । अब हामीले भूकम्प प्रतिरोध नभएका सबै संरचनाहरुलाई भूकम्प प्रतिरोधक संरचनाबाट प्रतिस्थापन गर्नेतर्फ लाग्नैपर्छ । अब कसैले पनि गर्ने कुनै पनि प्रकारको भौतिक निर्माण भूकम्पीय जोखिममुक्त हुने कुरामा अत्यन्त चनाखो हुँदै त्यससम्बन्धी मापदण्डको कडाइका साथ पालन गर्नु आवश्यक छ । यो कुरामा यो सम्मानित सदनले आवश्यक कानुन निर्माण गर्ने र त्यसको कार्यान्वयन सुनिश्चित गर्ने कुरालाई उच्च प्राथमिकतामा निर्देशित गर्नेछ भन्ने कुरामा म विशेष ध्यानाकर्षण गर्न चाहन्छु ।

पुननिर्माण र पुनर्स्थापना हाम्रा निम्ति इतिहासकै अत्यन्त महत्वपूर्ण र सबैभन्दा ठूलो महाअभियान हो । त्यस दिशामा हामीले सिंगो राष्ट्रलाई एकताबद्ध गर्ने ऐतिहासिक घटनाका रुपमा संकल्प प्रस्ताव पारित गरेर जनता बीच जाँदैछौ । हामीले घोषणा गरेको राष्ट्रिय पुनः निर्माण कोष अहिले सानो भनिए पनि यसलाई हामीले आवश्यकता वमोजिम वढाउँदै लैजानेछौ । हाम्रा ऐतिहासिक, साँस्कृतिक र पुरातात्विक महत्वका संरचनाहरुको संरक्षण र पुनर्स्थापना गर्न प्रतिबद्ध छौ । अब हाम्रा नष्ट भएका ऐतिहासिक साँस्कृतिक सम्पदालाई भूकम्पीय जोखिम मुक्त रुपमा पुनर्स्थापित गरेपछि र हाम्रा सबै अन्य भौतिक संरचनाहरु तद्नुरुप भएको सुनिश्चित भएपछि मात्र हाम्रो महान पुननिर्माणको महासंकल्प पुरा हुनेछ ।

**सम्माननीय सभामुखज्यू,**

अन्त्यमा राष्ट्रिय सहमतिका साथ महासंकल्प तयार गर्न लाग्ने सबै राजनीतिक पार्टी, नेता, कार्याकर्ता र यसलाई तद्नुरुप समर्थन गर्नुहुने माननीय सदस्यहरुलाई म हार्दिक हार्दिक धन्यवाद दिन चाहन्छु । यो महाविपत्तिका बेला सहयोग गर्ने संसार भरिका हाम्रा मित्र राष्ट्रका सरकारहरु, संयुक्त राष्ट्र संघ र त्यसका महासचिव, सबै अन्तर्राष्ट्रिय संघ संस्था, व्यक्तिहरु तथा देश भित्रका सबै संघसंस्था उद्योगी व्यवसायी तथा सम्पूर्ण दाजुभाई दिदी वहिनीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । महाविपत्तिमा खोज, उद्धार तथा राहतको कार्यमा अहोरात्र खटिने सबै सुरक्षाकर्मी, राष्ट्रसेवक, नेपाल रेडक्रस नेपाल स्काउट लगायतका संघ, संस्था राजनीतिक दलका भ्रातृ संस्था तथा व्यक्तिहरु सबैमा सरकारको तर्फबाट म हार्दिक धन्यवाद दिन चाहन्छु ।

मानव जातीको विकास हरेक नयाँ पीढिले पुरानालाई प्रतिस्थापन गरेर नै सम्पन्न भएको इतिहास साक्षी छ । हण्डर खाएको इतिहासको अध्ययन गरेको र आजको विज्ञान र प्रविधिको जानकार नयाँ पिढि आवश्यकता पर्दा जस्तोसुकै जिम्मेवारी वहन गर्ने गरी तयार भएको छ । अब यो पुनर्निर्माणको यही नयाँ पुस्ताले नेतृत्व लिनै पर्छ । त्यसैले म आम नेपाली जनसमुदाय र अझ खासगरी युवा पुस्तालाई यो महाविपत्तिलाई नवनिर्माणको अवसरको रुपमा रुपान्तरण गर्न आ-आफ्नो ठाउँबाट सक्दो योगदानका लागि हार्दिक अपिल गर्न चाहन्छु ।यस्तो अवस्थामा हामी यस पटकको शोकलाई शक्तिमा बदल्ने अठोटका साथ अगाडि बढौं भन्दै र राष्ट्रिय सहमतिको यो संकल्प प्रस्ताव नयाँ नेपाल निर्माणको ऐतिहासिक आधारशिला वन्ने विश्वास गर्दै विदा हुन्छु धन्यवाद ।

वामदेव गौतम

उपप्रधान तथा गृहमन्त्री

मिति २०७२ वैशाख ३० ।

# माननीय उपप्रधान तथा गृहमन्त्री श्री वामदेव गौतमले २०७२ वैशाख २५ गते व्यवस्थापिका-संसदको हिउँदे अधिवेशन वैठकमा विनासकारी भूकम्पबाट भएको क्षतिका सम्वन्धमा दिनु भएको मन्तव्यको पूर्णपाठ

**सम्माननीय सभामुखज्यू,**

यही महिनाको १२ गते गोरखामा केन्द्र भै आएको अति बिनासकारी ७.६ रेक्टरस्केल(7.8 Movement Magnitude) को विनासकारी भूकम्प र त्यसको अर्को दिन सिन्धुपाल्चोक केन्द्र भई गएको ६.९ Movement Magnitude भूकम्प एवं त्यसपछि आएका अनेकौ पराकम्पबाट अहिले नेपालमा ठूलो जनधनको क्षति भएको छ । यो भूकम्प वि.स. १९९० यता ८२ वर्षमा आएको सबैभन्दा ठूलो, हाम्रो अनुमान भन्दा फरक तथा प्रलयकारी देखिएको छ । अहिलेको जीवित पुस्ता मध्ये थोरैले मात्र यो स्तरको महाविपत्ति देखेका छन । यस्तै ठूलो विनास ९० सालको भूकम्पबाट भएको भए पनि आजको पीढिले त्यो अवस्था नदेखेको हुँदा भूकम्प गएको १३ दिन बितीसक्दा पनि धेरै व्यक्तिहरु अझै त्यसको त्रासबाट मुक्त हुन सकेका छैनन् ।

यो मेरो पाँच दशक भन्दा लामो सार्वजनिक जीवनमा व्यक्तिगत रुपमा सबैभन्दा बढी दुख महशुस गरेको घटना हो । यस महाविपत्तिबाट ज्यान गुमाउने सम्पूर्ण स्वदेशी तथा विदेशी नागरिकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । परिवारका सदस्य गुमाएर शोकमा डुबेका सबैमा हार्दिक समवेदना व्यक्त गर्दछु र घाइतेहरुको सीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । आफ्नो बासस्थान गुमाएर विस्थापित हुन बाध्य भएका सबैमा हार्दिक सहानुभूति व्यक्त गर्दै यहाँहरुलाई यथासीघ्र पुनर्स्थापित गर्न नेपाल सरकारको तर्फबाट प्रतिबद्धता व्यक्त गर्दछु ।

**सम्माननीय सभामुखज्यू,**

हालसम्म यस विनासकारी भूकम्पबाट ७९१२ जनाले ज्यान गुमाएका छन् भने १७८७१ जना घाइते भएका र ६०८६ जना उपचाररत छन् । ७७७९ जनाको सब सम्बन्धित परिवारलाई बुझाइ सकिएको छ । हालसम्म सरकारी भवन १०८०३ र सर्वसाधारणका २८९९९५ घर पूर्ण क्षति भएका छन् भने आंशिक २५१८७१ रुपमा घरहरु क्षति भएका छन् । करिब १५,००० विद्यालयहरु क्षतिग्रस्त छन् । करिब १००० सरकारी स्वास्थ्य संस्थाहरु क्षतिग्रस्त भएका छन् । भूकम्पबाट १४ जिल्लाहरु गंभीर रुपमा प्रभावित भएकोले संकटग्रस्त क्षेत्र घोषणा गरिएको छ । ३१ जिल्लामा मानवीय क्षति पुगेको छ भने भौतिक

क्षतिपुेका जिल्लाहरु अरु धेरै रहेका छन् । बैशाख १२ गतेपछि पनि भूकम्पका झट्काहरु लगातार आइरहेका छन । हालसम्म प्राप्त सूचना अनुसार विभिन्न जिल्लाहरुमा भएको जनधनको क्षतिको विवरण छुट्टै उल्लेख गरेको छु ।

यस भूकम्पबाट नेपालको पहिचान बनेका ऐतिहासिक धरहरा, हनुमानढोका दरबार, काष्टमाण्डप र अरु धेरै संख्यामा साँस्कृतिक, धार्मिक र पुरातात्विक महत्वका संरचना ध्वस्त भएका छन् । भूकम्पका कारण पहिरो गएर कतिपय नदीमा ताल वनेका छन्, पहिरोबाट सडकहरु अवरुद्ध भएका छन्, कतिपय जलविद्युत परियोजनाहरु क्षतिग्रस्त भएका छन्, कतिपय ठाउँका पानीका मुहानहरु सुकेका छन् र कतिपय ठाउँमा नयाँ मुल फुटेका छन् । यो भूकम्पले देशका सबै क्षेत्रका जनतालाई कमोवेश आतंकित वनायो । यो भूकम्प हिमालय पर्वत र महाभारत पर्वतका बीच आयो । भूकम्पका कारण हिमपहिरो जानाले धेरै विदेशी र स्वदेशी पर्यटकहरुले आफ्नो जीवन गुमाउनु पऱ्यो, कतिपय सडकहरु भासिन गए र कतिपयले सडकमै प्राण त्याग्नुपऱ्यो ।

अहिलेसम्म प्रत्यक्ष रुपमा भएको धनजनको क्षतिको मात्र विवरण प्राप्त गरिएको छ । बिभिन्न सँस्थाहरुबाट प्राप्त भौगोलिक सूचना प्रणालीका नक्साहरु हेर्दा क्षतिको मात्रा हामीले अनुमान गरेभन्दा बढी हुनसक्छ । प्राविधिकहरुबाट काठमाण्डौ उपत्यकाको भूसतह नै डेढ मीटर सरेको र सतह माथि उठेको प्रतिवेदन आउनुले भौतिक संरचनामा पारेको असरको पूर्ण अनुमान अहिले नै लगाउन सकिएको छैन । यसले अन्य विकास पूर्वाधार र समग्र अर्थतन्त्रमा पारेको प्रभावको मुल्यांकन समेत भएपछि मात्र भूकम्पबाट भएको वास्तविक क्षतिको आंकलन हुनेछ ।

**सभामुख महोदय,**

भूकम्प आएको दुई घण्टाभित्रैमा केन्द्रीय दैवी प्रकोप उद्धार समितिको वैठक बस्यो । उक्त दिन शनिवार परेको र सम्बद्ध अधिकारीहरु विदामा भएको अवस्थामा पनि दुईघण्टाभित्रै सबै पदाधिकारीहरुलाई जम्मा गरी उक्त वैठक भएको थियो । उक्त वैठकले भूकम्प पीडितको खोज, उद्धार तथा राहतका सम्बन्धमा सबै आवश्यक प्रारम्भिक निर्णयहरु गरेको थियो ।

सोही वैठकले गृह मन्त्रालयका सचिवको नेतृत्वमा अर्थ, रक्षा, परराष्ट्र, स्वास्थ्य तथा जनसंख्या, भौतिक पूर्वाधार तथा यातायात, सहरी विकास, पर्यटन तथा नागरिक उड्डयन र सूचना तथा सञ्चार सचिव भएको केन्द्रीय कमाण्ड पोष्ट खडा गऱ्यो । स्वास्थ्य मन्त्रालय मार्फत सबै अस्पतालहरु खुला गर्ने र सबै चिकित्सक तथा स्वास्थ्य कर्मीहरुलाई समेत आ-आफ्नो कार्यक्षेत्रमा उपस्थित गराउने, निजी स्वास्थ्य सँस्थाहरुले पनि घाइतेहरुको निशुल्क उपचारको व्यवस्था गर्न लगाइयो । खोज तथा उद्धार, स्वास्थ्य, पोषण, सेल्टर, खानेपानी,

शिविर समन्वय तथा व्यवस्थापन, खाद्य सुरक्षा लगायतका बिभिन्न ११ वटा क्लष्टर सक्रिय गराउनुका साथै सम्बन्धित विषयमा सम्बन्धित मन्त्रालयलाई विशेष जिम्मेवार बनाइयो । त्यस अनुसार स्वास्थ्य र पोषणका सम्वन्धमा-स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई, सेल्टर, खानेपानी, सरसफाई, पाल व्यवस्था लगायत शिविर व्यवस्थापनका लागि -शहरी विकास मन्त्रालय, खाद्य सुरक्षाका सम्वन्धमा - कृषि बिकास मन्त्रालय, खोज उद्दार र बन्दोवस्तीका निम्ति-गृह मन्त्रालय, शिक्षाका सम्बन्धमा-शिक्षा मन्त्रालयलाई, वालवालिका, महिला, बृद्धबृद्धा र अपांगहरुका संरक्षणका निम्ति-महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई र आपतकालिन दूरसंचार र सूचनाका सम्वन्धमा संचार मन्त्रालयलाई जिम्मेवारी तोकियो ।

यो महाविपत्तिको सामना हामी आफैले मात्र गर्न संभव नदेखिएकोले केन्द्रीय दैवी प्रकोप उद्धार समितिको सिफारिस वमोजिम खोज, उद्धार र राहतका लागि अन्तराष्ट्रिय सहयोग आह्वान गरियो । खोज, उद्धार तथा राहत कार्यमा आउने विदेशी मानवीय सहायताकर्मीहरूको सहज आगमनका लागि सवै अध्यागमन कार्यालयहरू २४ सै घण्टा खुल्ने गरी विशेष कक्षको स्थापना गर्ने, बिभिन्न मुलुक तथा सँस्थाहरुबाट आउने व्यक्तिहरूलाई प्रवेशाज्ञा शुल्क नलिने, सहज भन्सार क्लियरेन्स गर्ने लगायतका व्यवस्था गरी अन्तर्राष्ट्रिय सहयोगलाई सहजीकरण पनि गरियो ।

परिस्थितिलाई नियन्त्रणमा राखी कार्य गर्न १२ जिल्ला काठमाण्डौ, ललितपुर, भक्तपुर, धादिङ, रसुवा, नुवाकोट, काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, गोरखा, दोलखा, रामेछाप, सिन्धुली र पछि ओखलढुंगा तथा मकवानपुर जिल्ला थप गरी कूल १४ जिल्लालाई संकटग्रस्त क्षेत्र घोषणा गर्ने लगायतका निर्णयहरु गरियो । संकटग्रस्त क्षेत्र घोषणा भएका जिल्लामा प्रमुख जिल्ला अधिकारीले विपद् व्यवस्थापन तथा आपूर्ति व्यवस्था सहज गर्न दैवी प्रकोप (उद्धार) ऐन, २०३९ तथा आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ ले दिएको अधिकार प्रयोग गर्न सक्ने गरी नेपाल राजपत्रमा सूचना प्रकाशित गरियो ।

सर्वसाधारणले खोज, उद्धार तथा राहतका सम्बन्धमा सूचना दिन सकुन भनी Call Center सञ्चालन गरियो । भूकम्पबाट भएको क्षतिको विवरण राहत तथा उद्धारका लागि भएको ताजा विवरण गृह मन्त्रालयको www.drrportal.gov.np मा हेर्न सकिने व्यवस्था मिलाइयो । त्यसका साथै मृतक तथा घाइतेहरुको ताजा तथ्याङ्क neoc टाइप गरी ११३३ मा SMS गरी प्राप्त गर्न सकिने व्यवस्था पनि मिलाइयो । यसबाहेक पनि खोज, उद्धार तथा राहत वितरण व्यवस्थालाई प्रभावकारी बनाउन अन्य बिभिन्न सँस्थागत तथा नीतिगत व्यवस्थाहरु गरिए । सबै संचार माध्यमहरुबाट नागरिकलाई सु-सुचित गर्ने गरी निरन्तर सूचना सम्प्रेसण गर्ने व्यवस्था सूचना तथा संचार मन्त्रालयले मिलाउने व्यवस्था गरियो ।

तद्नुरुप रेडियो, टेलिभिजन, एफ.एम तथा कलसेन्टरहरुद्वारा सूचना सम्प्रेषणलाई निरन्तरता दिइयो ।

**सभामुख महोदय,**

यो भूकम्पको धक्का महसुस गर्नासाथ खोजी तथा उद्धारको कार्य सुरु गरी तिव्रता साथ अगाडि बढाइयो । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बललाई जो जहाँ जस्तो अवस्थामा तैनाथ छ त्यहीबाट खोजी र उद्धारमा अगाडि बढ्न आदेश दिइयो । आदेश अनुसार सम्पूर्ण सुरक्षा निकायहरु सर्वत्र परिचालित भए । त्यसपछि गृह मन्त्रालय केन्द्रीय दैवि प्रकोप उद्धार समिति, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत सबै सम्बद्ध निकायहरुलाई तत्काल खोज, उद्धार र राहतमा परिचालन गरियो । सबै मन्त्रालय, सुरक्षा निकायका साथै सबै सम्बद्ध निकायहरुलाई तत्कालै परिचालन गरी काठमाण्डौ जिल्लाभित्र टुडिखेल, कीर्तिपुर, रंगशाला, सानो गौचर, नारायणचौर, शंखपार्क, हलचोक, बलम्बु, सिनामंगल गरी ९ स्थानमा, ललितपुर जिल्लामा जावलाखेल, खुमलटार, सेन्टजेभियर्स स्कूल, पुल्चोक इन्जिनिरिङ गरी ४ स्थानमा र भक्तपुर जिल्लाका तिनकुने सल्लाघारी, दरवार स्क्वायर र सरस्वती मावि कमलबिनायक गरी ३ समेत जम्मा १६ स्थानहरूका खुल्ला क्षेत्रमा अस्थायी शिविर खडा गरियो । त्यसैगरी देशभरका अन्य प्रभावित जिल्लालाई पनि आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थानीय एकाइको रूपमा उद्धार समन्वय केन्द्रहरू स्थापना गर्न लगाई खोज, उद्धार तथा राहत कार्य सञ्चालन गर्न निर्देशन दिइयो ।

तत्काल खोज तथा उद्धारका लागि गृह मन्त्रालयको समन्वयमा नेपाली सेना तथा निजी क्षेत्रका हेलिकप्टरहरू परिचालन गरियो । तिनिहरुबाट हालसम्म १३०० जनाको उद्धार गरिएको छ । भूकम्प गएको ७-८ दिनसम्म पनि कतिपय व्यक्तिहरुलाई जीवितै र सकुसल उद्धार गरिएको छ । खोजी र उद्धारको लागि अहिलेसम्म नेपाली सेना, भारतीय सेना, चीनिया सेना र निजी कम्पनीका गरी ४४ वटा हेलिकप्टर परिचालन भए ।

उपत्यका बाहिर जान चाहने व्यक्तिहरुलाई यातायात व्यवसायी लगायतका संस्थाहरूसँग समन्वय गरी यातायात सुचारू गरी यात्रुहरु उपत्यका बाहिर पठाई उपत्यकाको बोझलाई कम गराइयो । यस कार्यमा विभिन्न स्कूलहरुलाई अनुरोध गरी करिब ३०० नि:शुल्क बस संचालन गरिएको थियो । यसै गरी भूकम्पका कारण पहिरो गई अवरुद्ध अरनिको राजमार्ग, पूर्व पश्चिम राजमार्ग, मुड्लिन नारायणगढ सडक, कोशी राजमार्ग, त्रिभुवन राजपथ, काठमाण्डौ त्रिशुली सडक, छहरे टोखा त्रिशुली सडक, रामेछाप मन्थली र त्रिशुली धुन्चे लगायतका सडक खोलियो । सहायक तथा स्थानीय मार्गहरु खोल्ने काम अहिलेसम्म निरन्तर चलिरहेको छ । तमाम कोशिषका बावजुद रसुवा र नेपाल चीन

सीमाना नजिक आएको पहिलोका कारण अहिलेसम्म पनि सो बाटो खुलाउन सकिएको छैन ।

नेपाल सरकारको आव्हानमा भूकम्प प्रभावितहरुको खोजी तथा उद्धारका लागि हालसम्म ३४ मित्र राष्ट्रका ७६ टिम र तिनमा सामेल ४०५० उद्धारकर्मीहरु १३५ वटा CANINE सहित परिचालित भएका छन् । उक्त ७६ टिम मध्ये २४ वटा टिमका उद्धारकर्मी सैनिकतर्फका रहेका, १७ वटा टिम International Search and Rescue Advisory Group (INSARAG) Classification का रहेका र बांकी ३५ टिम नागरिक खोज तथा उद्धार टिम रहेका थिए ।

उद्धारकर्मीहरू आएका देशहरूमा अल्जेरिया, अष्ट्रेलिया, वेल्जियम, वंगलादेश, क्यानडा, चीन, फ्रान्स, जर्मनी, हंगेरी, भारत, इण्डोनेसिया, इजरायल, जापान, जोर्डन, मलेसिया, मेक्सिको, निदरल्याण्ड, नर्वे, ओमन, फिलिपिन्स, पोल्याण्ड, पाकिस्तान, रसिया, द.कोरिया, श्रीलंका, सिगांपुर, स्पेन, स्वेडेन, स्वीटजरल्याण्ड, थाइल्याण्ड, टर्की, संयुक्त अरव इमिरेट्स, वेलायत, अमेरिका, अजरबैजान, युक्रेन, बोलिभिया, डेनमार्क रहेका छन् ।

सैनिक तर्फका उद्धारकर्मीहरूलाई नेपाली सेनाले र गैर-सैनिकतर्फका उद्धारकर्मीहरूलाई संयुक्त राष्ट्र संघीय मानवीय सहायता निकाय (UN OCHA) ले गृह मन्त्रालयको राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्रको समन्वयमा परिचालन गरेको थियो । नेपालमा रहेका कुटनीतिक नियोगका प्रमुखहरुलाई परराष्ट्र मन्त्रालयले दुई पटक बोलाई परिस्थितिको जानकारी गराएको थियो । खोजी तथा उद्धार कार्यको विवरण पनि छुट्टै प्रस्तुत गरेको छु ।

मिति २०७१।०१।२० गते वसेको केन्द्रीय दैवी प्रकोप उद्धार समितिको वैठकले भूकम्प गएको एक हप्ताको अवधि पूरा भएको र अबका दिनका खोज तथा उद्धार कार्य राष्ट्रिय क्षमताबाट हुन सक्ने भएकोले अन्तर्राष्ट्रियस्तरका खोज तथा उद्धार टोलीहरुले हालसम्म पुऱ्याएको सहयोगका लागि नेपाल सरकारको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दै उक्त अन्तर्राष्ट्रिय खोज तथा उद्धार टोलीहरुलाई स-धन्यवाद फिर्ता जानको लागि अनुरोध गरियो । उक्त अनुरोध वमोजिम नेपाल आएका सवै अन्तराष्ट्रिय खोज तथा उद्धार टोलीहरूलाई गृह मन्त्रालय, राष्ट्रिय विपद् सम्पर्क व्यक्तिका तर्फवाट धन्यवाद पत्र दिए पश्चात धमाधम स्वदेश फिर्ता जान थालेका छन् । अहिलेसम्म स्वदेश नफर्केका टोलीहरुलाई पनि पुनः फर्कन निर्देशन गरिएको छ ।

केन्द्रीय दैवी प्रकोप उद्धार समितिको सोही वैठकबाट भूकम्पबाट घाईते भएका व्यक्तिहरुको उपचारका लागि विभिन्न देशका ८९ अन्तर्राष्ट्रिय मेडिकल टोलीका ११४० र

१०० भन्दा बढी राष्ट्रिय टोलीका १००० भन्दा बढी स्वास्थ्यकर्मीहरु स्वास्थ्य मन्त्रालयको स्वास्थ्य आपतकालीन कार्य संचालन केन्द्रको संयोजकत्वमा परिचालित भएकोमा आगामी दिनमा घाइते भएका व्यक्तिहरुको उपचार गर्न आवश्यक जनशक्तिको प्रक्षेपण गरी हाल परिचालित विदेशी मेडिकल टोलीहरुको उपयोगिता/आवश्यकताको लेखाजोखा गरी तिनको उपयुक्त परिचालन र निकासको वारेमा  स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आवश्यक निर्णय लिने भनी अन्तर्राष्ट्रिय मेडिकल टोलीहरुको परिचालन तथा निकास गर्ने सम्पूण जिम्मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई दिइएको छ ।

**सभामुख महोदय**

बैशाख १२ गते भुकम्पको पहिलो धक्का देखिनै खोजी र उद्धारका साथै तात्कालिक उद्धारमा पनि हाम्रो शक्ति जुट्यो । सोही दिन सरकारले केन्द्रीय दैवि प्रकोप उद्धार समितिको सिफारिश बमोजिम खोज, उद्धार तथा राहत कार्यलाई अझ प्रभावकारी बनाउने र सो को लागि तत्काल ५० करोड रुपैया प्रधानमन्त्री राहत कोषमा उपलब्ध गराउने निर्णय गर्‍यो । जिल्ला प्रशासन कार्यालयहरुले जिल्ला भित्र उपलब्ध पाल, चिउरा, विस्कुट, चाउचाउ, चिनी, दालमोठ जस्ता खाद्यान्य स्थानीय निकाय समेतको सहभागितामा जिल्लामा उपलब्ध गराइएको बजेटबाट खरिद गरि तत्काल वितरण गर्ने व्यवस्था गरियो ।

जिल्लामा दैबी प्रकोप उद्धार समितिको नेतृत्वमा खोज, उद्दार र राहत वितरण गर्ने र सो को अनुगमन प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा राजनीतिक दलका प्रतिनिधि सम्मिलित अनुगमन समितिद्वारा गर्ने व्यवस्था मिलाइयो । अन्तराष्ट्रिय रूपमा प्राप्त राहत सामाग्री अन्तराष्ट्रिय विमानस्थलबाट हेलिकप्टर र ट्रकमा राखी सीधै जिल्ला सदरमुकाममा पठाउने व्यवस्था मिलाइयो । अहिले पनि यो कार्यलाई निरन्तरता दिइएको छ ।

अहिले आएर भूकम्प पीडितहरुलाई विदेशबाट  पनि राहत प्राप्त भएको छ । स्वत:स्फूर्त रुपमा स्वदेश तथा विदेशका बिभिन्न संघ सँस्था तथा व्यक्तिहरुले आफैले पनि स्थलगत रुपमा पीडितहरुलाई राहत वितरण गरेका छन् । विदेशबाट आउने राहतलाई भन्सार नलाग्ने तथा भन्सार क्लियरेन्सका लागि पनि विशेष व्यवस्था गरिएको छ । राहत केन्द्रीय स्तरको संकलन केन्द्रमा बुझाउन सक्ने वा प्रमुख जिल्ला अधिकारीलाई बुझाउन वा निजसँग समन्वय गरी आफैले वितरण गर्न सक्ने गरी सहज व्यवस्था गरिएको छ । नेपाल सरकारले पनि बिभिन्न माध्यमबाट पाल, खाद्यान्य लगायतका बिभिन्न राहत सामाग्रीको व्यवस्था गरी सम्बन्धित जिल्लाहरुमा पठाइरहेको छ । पीडितहरुलाई तत्काल राहत पुर्‍याउन प्रकोप पिडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०६४ बमोजिम मृतकका

परिवारलाई प्रति मृतक रु. ४०,०००।, मृतकको प्रत्येक परिवारलाई रु. एक लाख, आफै घर मर्मत गर्नेलाई रु. २५,०००।-, घर पूर्ण क्षति भएका परिवारलाई रू.५०००।, घर आंशिक क्षति भएका परिवारलाई ३०००।- दिने र तत्काल खाद्यान्न दिन नसकिने स्थानमा खाद्यान्नको लागि तत्काल राहत स्वरुप प्रति परिवार थप रु.२०००.- उपलब्ध गराउन प्रमुख जिल्ला अधिकारीहरुलाई निर्देशन दिइएको छ । तद्नुरुप काम भइपनि रहेको छ । विभिन्न जिल्लाहमा पठाइएको सामानहरुको विवरण यसैसाथ संलग्न गरी प्रस्तुत गरेकोछु ।

भूकम्प पीडितहरुको लागि नगद सहयोग गर्न इच्छुक सबैले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम जम्मा गर्न सक्ने गरी बिभिन्न बैकमा खाताहरु खोलिएको छ । अनलाइन पनि रकम जम्मा गर्न सक्ने व्यवस्था मिलाइएको छ । हालसम्म बिभिन्न विदेशी मुलुक, सँस्था, व्यक्ति, स्वदेशी संघ सँस्था तथा व्यक्तिहरुबाट राहत कोषमा सहयोगको घोषणा भएको छ । त्यसमध्ये केही रकम प्राप्त भएको छ, केही रकम प्राप्त हुने क्रममा रहेको छ । नेपाल सरकारका प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्री, संविधानसभाका सदस्यहरु र लोकसेवा आयोगका पदाधिकारीबाट १ महिनाको पारिश्रमिक, अख्तियार दुरूपयोग अनुसन्धान आयोगका पदाधिकारीबाट २ महिनाको पारिश्रमिक तथा नेपाल सरकारका विशिष्ट श्रेणी, राजपत्रांकित प्रथम श्रेणी र अन्य तहका राष्ट्र सेवक कर्मचारीबाट क्रमश: १५ दिन, १० दिन र ५ दिनको पारिश्रमिक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा राख्ने व्यवस्था मिलाइएको छ । सबै सरकारी र सार्वजनिक निकायले आफ्ना कर्मचारीको पारिश्रमिकबाट यो कोषमा योगदान गरेका छन् ।

हालसम्म सहरी बिकास मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, नेपाल प्रहरी,सशस्त्र प्रहरी समेतका लागि रकम निकासा गरिसकिएको छ । थप पाँच अरब निकासाको निमित्त प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा अनुरोध गरिएकोमा २ अर्ब निकासा भइरहेको छ । क्लष्टरहरुले आफ्नो विषय अनुसारको काम गर्न तत्काल सहयोग पुगोस् भनेर सहरी विकास मन्त्रालय, कृषि विकास मन्त्रालय, परराष्ट्र मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वाणिंज्य तथा आपूर्ती, उद्योग मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बललाई सोभै रकम निकासा गरिएको छ । यस सम्वन्धी विवरण पनि छुट्टै प्रस्तुत गरेकोछु ।

खोज, उद्धार तथा राहतको काममा अहिले पनि व्यापक रुपमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र निजामती कर्मचारीलाई परिचालन गरिएको छ । खोज तथा उद्धारको लागि नेपाली सेनाबाट ६५०१७, नेपाल प्रहरीबाट ४१७७६ र सशस्त्र प्रहरीबाट २४७७५, निजामती कर्मचारीतर्फ २२५०० जनशक्ति परिचालन गरिएको छ । त्यसैगरी

नेपाल रेडक्रस सोसाइटी, नेपाल स्काउट लगायतका स्वयंसेवी सँस्थाको तर्फबाट पनि खोजी, उद्धार तथा राहतको कार्यमा व्यापक जनपरिचालन भएको छ । जिल्लामा भएको खोज, उद्धार तथा राहतको काममा संयोजन तथा सहयोग गर्न संकटग्रस्त जिल्लाहरुमा राजपत्रांकित विशिष्ट श्रेणी र प्रथम श्रेणीका कर्मचारीहरुलाई समेत खटाएको छ । संकटग्रस्त क्षेत्र घोषणा भएका जिल्लाका अति प्रभावित गा.वि.स. को उद्धार, राहत र शीघ्र पुनर्लाभ समेतको कार्यलाई व्यवस्थीत गर्न १ जना अधिकृत, १ जना भवन वा भौतिक पूर्वाधार प्राविधिक, १ जना सहायकस्तरका कर्मचारी र १ जना कार्यालय सहयोगी सहित ४ जनाको टोली खटाउने व्यवस्था जिल्ला दैवी प्रकोप उद्धार समितिले मिलाउने गरी निर्देशन दिइएको छ । त्यसरी कर्मचारी खटाउदा जिल्लाको जनशक्तिबाट नपुग हुने आवश्यक जनशक्ति प्रमुख जिल्ला अधिकारीले सामान्य प्रशासन मन्त्रालयसँग माग गरी गृह मन्त्रालयलाई जानकारी गराउने व्यवस्था गरिएको छ । सामान्य प्रशासन मन्त्रालयले जिल्लाले माग गरेको २ दिन भित्र सम्बन्धित जिल्लामा काज खटाउनु पर्ने व्यवस्था गरिएको छ । त्यस्तै स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन संकटग्रस्त क्षेत्र घोषणा भएका जिल्लाका अति प्रभावित गा.वि.स. मां हाल भएको जनशक्ति समेत गरी १ चिकित्सक, ३ पारामेडिकल सहितको ५ जनाको टोली आवश्यक सामग्री सहित खटाउने व्यवस्था जिल्ला दैवी प्रकोप उद्धार समितिले मिलाउने गरी निर्देशन दिइएको छ । त्यसरी कर्मचारी खटाउदा जिल्लाको जनशक्तिबाट नपुग हुने आवश्यक जनशक्ति जिल्ला स्वास्थ्य प्रमुखले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसंग माग गर्ने र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जिल्लाले माग गरेको २ दिन भित्र सम्बन्धित जिल्लामा काज खटाउने व्यवस्था गरिएको छ ।

अहिलेसम्म प्रदान गरिएको कूल राहत विवरण पनि छुट्टै प्रस्तुत गरिएको छ ।

यसै बीच स्थलगत अध्ययन गर्न र राष्ट्रिय विपत्तिका बेला सत्ता र प्रतिपक्ष एकताबद्ध हुनुपर्छ भन्ने सन्देश दिन पनि सम्माननीय प्रधानमन्त्री तथा प्रमुख प्रतिपक्ष दलका नेता एवं सत्ताधारीदलका अध्यक्षबाट बिभिन्न क्षेत्रमा भएको क्षति तथा राहत कार्यको निरीक्षण गर्ने काम भएको छ । यसबाट राहत कार्य अझ प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

**सम्माननीय सभामुखज्यू,**

म अव कामका दौरानमा देखा परेका तथा विगतदेखि अहिलेसम्म महसुस गरिएका कमि कमजोरीका वारेमा पनि यो सम्मानीत सदन समक्ष केही कुरा राख्न चाहन्छु । यो भूकम्प अहिलेको पुस्ताले देखेको सबैभन्दा ठूलो विपत्ति हो । संभवतः सम्मानित सदनमा हुनुभएका माननीय सदस्यहरुले यो भन्दा ठूलो विपत्ति आफ्नो जीवनमा देख्नु भएको थिएन । यति

ठूलो विपत्तिको व्यवस्थापनमा कतिपय कमी कमजोरीहरु रहन गएको मैले पनि महशुस गरेको छु ।

दैवी प्रकोप उद्धार ऐन २०३९ कार्यान्वयनमा आएको छ । आजको परिस्थितिमा त्यसबाट मार्गदर्शन हुन नसक्ने देखेर सरकारले त्यसको विकल्पमा तयारी गरेको छ । हाम्रो देश विभिन्न प्रकोपहरुद्वारा नियमित प्रताडित हुने भएकाले यसलाई व्यवस्थापन गर्न सरकारले अन्तर्राष्ट्रिय संघ, संस्थाहरुको राय सल्लाह समेत लिएर केन्द्रीय दैवी प्रकोप उद्धार समिति वनाएको छ । यसका मातहत केन्द्रमा ११ क्लस्टरहरु छन् । प्रत्येक जिल्लामा दैवी प्रकोप उद्धार समिति छन् र आवश्यकता वमोजिम त्यो भन्दा तल पनि यस किसिमको संयन्त्र वनाउने व्यवस्था छ । पाँचै विकास क्षेत्रमा र केन्द्रमा वयर हाउस वनाउने र त्यसमा पूर्व तयारीका निम्ति र तात्कालिक राहतका सामाग्री राख्ने व्यवस्था छ । अहिलेसम्म पोखरामा र भर्खरै अन्तर्राष्ट्रिय विमानस्थल कार्गो भवन सँगै एउटा वयरहाउस वनाइएको छ । यतिसम्मको संरचना खडा भएको भए पनि अन्य साधन स्रोतको पूर्ण रुपले अभाव रहेको छ । दैवि प्रकोप उद्धार समितिको सहयोगी संस्थाहरुका रुपमा रेडक्रस, नेपाल स्थित संयुक्त राष्ट्रसंघका विभिन्न नियोग, उद्योग वाणिज्य महासंघ र गैर सरकारी संस्था महासंघ रहेका छन् । यस किसिमको संरचनागत व्यवस्था कार्ययोजना संवैधानिक राजतन्त्रको काल र गणतन्त्र आउँदादेखि यथावत छ । आजसम्मका कुनै पनि सरकारले पूर्व तयारीका निम्ति कहिल्यै गम्भीर ध्यान दिइएको पाइएन । सत्तामा रहँदा ध्यानै नदिने सत्ता वाहिर रहँदा सरकारको आलोचना गर्ने हाम्रो परम्परा जस्तो नै वन्यो । कुनै पनि सरकारले गम्भीर ध्यान नदिएको यथार्थ प्रतिवर्ष यो उद्धारका निम्ति छुट्याइएको वार्षिक वजेटबाट पनि स्पष्ट हुन्छ । हालसम्म प्रतिवर्ष विपद व्यवस्थापनका लागि पूर्व तयारी गर्न रु. पाँच करोड वजेट विनियोजन गर्ने गरिएको छ । यसलाई प्रधानमन्त्री राहत कोषमा निर्भर गराइएको छ । कोष चन्दामा निर्भर रहेको छ ।

भूकम्प जानासाथ तत्कालै स्वदेश तथा विदेशबाट सहयोगका आश्वासनहरु प्राप्त भए । तत्काल राहतको लागि पाल, औषधि तथा खाद्यान्य आवश्यक भएको कुरा पहिचान भएको पनि हो । तर त्यस्ता सामाग्री खासगरि आवश्यक संख्यामा हामीले प्राप्त गर्न सकेनौ । देश विदेश कतैबाट पनि संकलन गर्न नसकेका कारण आवश्यक पाल र ड्राइफुड तत्काल पीडितहरुलाई उपलब्ध गराउन सकिएन । यस सम्बन्धमा पीडितहरुबाट भएको गुनासोलाई मैले जायज ठानेको छु ।

दैवी प्रकोप उद्धारका लागि तालिम प्राप्त अत्यन्त दक्ष जनशक्ति आधुनिक र वैज्ञानिक साधनहरु सहित विकसित र तालिम प्राप्त कुकुर समेतको आश्यकता पर्दछ । नेपाली सेना र सशस्त्र प्रहरी बलमा मध्यम खालको तालिम प्राप्त सानो जनशक्ति तयार

गरिएको छ । नेपाल प्रहरीमा प्रारम्भिक खालको तालिम दिएको जनशक्ति छ । छुट्टै साधन केही पनि छैन । विपत्तिमा उद्धारका लागि भनेर तयार पारिएका बैज्ञानिक उपकरणसहितको ८/९ वटा हेलिकप्टरको अति आवश्यकता छ तर त्यस किसिमको एउटा पनि हेलिकप्टर छैन । सेनासँग ६ वटा हेलिकप्टर छन् तर उद्धारयुक्त आधुनिक उपकरण एउटा पनि छैन । कंक्रिट ब्लक, सिमेन्टले निर्मित पर्खाल, फलाम काट्ने कुनै आधुनिक साधन छैनन् । क्रेन, स्क्याभेटर, पिकअप एम्बुलेन्स आदि आधुनिक साधनहरु पनि केही छैनन् । नेपाल भूकम्पीय जोखिममा रहेको मुलुक भएको र वर्षेनी बाढी पहिरो जस्ता अनेक प्राकृतिक विपत्ति भोग्दा भोग्दै यसरी आवश्यक दक्ष जनशक्ति र साधनस्रोतको व्यवस्था हुन नसक्नुलाई हामीले गंभीर कमजोरीको रुपमा स्वीकार गर्नै पर्दछ । पीडितका लागि तत्काल आवश्यक पर्ने पाल/ त्रिपाल लगायतका गैर खाद्य र खाद्य सामाग्रीको पूर्व भण्डारण गर्न नसक्नु अर्को गम्भीर कमजोरी देखिएको छ ।

अहिलेको भूकम्पमा मूलतः जथाभावि वनाइएका कतिपय संरचना र पूराना घर तथा प्राचीन साँस्कृतिक धार्मिक सम्पदाहरु भत्केका छन् । हामीलाई महाविपत्तिमा पुऱ्याउने कारण पनि यिनै संरचनाहरु रहेका छन् । नेपाल भूकम्पको गंभीर जोखिममा रहेको कुरा हामी सबैलाई अवगत भए पनि र त्यसबाट यिनै संरचना ध्वस्त हुनेछन् भन्ने जान्दाजान्दै हाम्रो तर्फबाट तिनको संरक्षणको पूर्व तयारीको काम एक रत्ति हुन सकेन । सर्वसाधारणलाई ती पूराना घरहरु भूकम्पीय जोखिममा रहेको यथार्थ जान्दाजान्दै उनीहरुलाई मशसुस गराउन सकिएन । सरकार आफैले संरक्षण गर्नुपर्ने साँस्कृतिक तथा धार्मिक महत्वका मन्दिर तथा भवनहरुको संरक्षणमा यथोचित ध्यान जान सकेन । भवन निर्माण सम्बन्धी मापदण्ड र भवन संहिता कार्यान्वयनमा हुँदा हुँदै त्यसको पूर्ण पालना गराउन सकिएन । काठमाण्डौ उपत्यकाभित्र अत्यन्त स-साना गल्लीमा भएका पुराना घरहरु पूर्णतः क्षतिग्रस्त भएका छन् । ती स्थानहरुमा कुनै किसिमको सवारी साधन जान नसक्ने हुनाले उद्धार र राहतमा गंभीर समस्या देखियो । वास्तवमा अहिलेको सरकारको मात्र होइन विगतका कुनै पनि सरकारले यथोचित ध्यान दिन सकेनन् । धरहरा भूकम्प नआए पनि ढल्ने अवस्थामा पुगेकोथियो त्यही संरचनालाई व्यापारिक प्रयोजनमा लगाइयो ।

भूकम्प आउनासाथ सुरक्षाकर्मी परिचालित भई उद्धार कार्य थालिएको, भूकम्पका कम्पन जाँदा जाँदै सुरक्षाकर्मीले उद्धार थालेको भए पनि आम जनमानसमा उद्धार र राहत कार्य अपेक्षित रुपमा भएन भन्ने गुनासो रहेको देखिन्छ । यो भूकम्पबाट आम जनतामा ज्यादै ठूलो त्रास र भय उत्पन्न भयो । पचास लाख भन्दा बढी जनसंख्या रहेको काठमाण्डौ उपत्यकामा सबैजसो जनता बाहिर निस्किए । लगातार आइरहेका पराकम्पनले गर्दा कोही पनि सुरक्षित रहेका घरमा पनि फर्कन सकेनन् । बिभिन्न १६ वटा स्थानहरु शिविरका लागि

तोकिए पनि जनताहरु आफू नजीक जहाँ खुल्ला ठाउँ भेटियो त्यहीँ ठाउँहरुमा समूह खडा गर्दै आश्रय लिए । सार्वजनिक सडक, पेटी, निजी जग्गा, नदी किनार सबै ठाउँमा पीडितहरुले रात बिताए । ती सबै ठाउँमा उद्धार र राहत टोली पुग्न सक्ने अवस्था भएन । तत्कालिन उद्धार तथा राहत कार्यका लागि के कति जनशक्ति र साधन स्रोत हामीसँग छ र के कस्तो विदेशी सहयोग आवश्यक पर्छ भन्ने कुराको तत्काल लेखाजोखा गर्न सकिएन । विदेशीबाट के कस्तो जनशक्ति र यन्त्र उपकरण एवं साधन आवश्यक पर्छ भन्ने कुरा यकीन हुन नसक्दा कतिपय विदेशीहरु उद्धारका लागि आए पनि काममा लगाउन नसकिएको अवस्था रह्यो । कतिपय विदेशी त उद्धारको नाममा आफ्ना नागरिकहरुलाई घर फर्काउने उद्देश्यले हवाईजहाज लिएर आए र गरे पनि त्यस्तै । त्यस्ता जहाज तथा हेलिकप्टरहरुका कारण एयर ट्राफिक जाम हुँदा कैयन वास्तविक राहत ल्याएका विदेशी जहाज विमानस्थलमा ओर्लन पाएनन् ।

**सभामुख महोदय,**

अब म उद्धार र राहतसँग सम्वन्धित अवको कार्यदिशाका सम्वन्धमा केही विषयहरु राख्न चाहन्छु ।

यो महाविपत्तिबाट पार पाउन एकातिर हामीले राज्य शक्ति अपर्याप्त भएको महसुस गर्‍यौ र विदेशी सहगोगको आव्हान गर्‍यौ, अर्कोतिर देश र विदेशमा रहेका गैर सरकारी तथा आम जन समुदाय तथा संघ संस्थाको सहयोग लिने सम्वन्धमा उपयुक्त दिशावोध गर्न सकेनौ । राज्य शक्ति पर्याप्त नभएका अवस्थामा यस किसिमको कामका लागि जनशक्ति नै भरोशायोग्य हुन्छ भन्ने सत्यलाई सुरुमा आत्मसाथ गर्न सकिएन । राहत संकलन र वितरणमा सरकार, समुदाय र नीजि संघ संस्था वा अन्य संघ, संस्था अथवा व्यक्तिहरुलाई पनि व्यवस्थित रुपमा लगाउन सक्दा हुने उपलब्धीलाई आंकलन गर्न सकिएन । पछिल्लो समयमा आफ्ना कमजोरीलाई हटाएर हामीले सबैका लागि खुल्ला गर्‍यौं । तर यसमा पनि केही कमजोरी रहन गएका छन् । खुल्ला रुपमा राहत संकलन र वितरण गर्नेहरुका लागि केही मापदण्ड र आचारसंहिता जारी गर्नुपर्दथ्यो सो हुन नसक्दा केही अराजकता देखिएको छ । अवका दिनमा सरकारले यसलाई अत्यन्त अनुशासित र संगठित रुपमा परिचालन गर्न पर्याप्त ध्यान दिनु जरुरी छ ।

आधारभूत रुपमा उद्धारको कामको अवधि सकिएको छ तर अझै पनि उद्धारको क्रम जारी छ । उद्धार जीवित व्यक्तिलाई गरिन्छ । लासलाई व्यवस्थापन गरिन्छ । जीवन छ र त्यो फसेको छ तथा मृत्युको मुखतिर गइरहेको छ, त्यस्तो अवस्थामा जिवितै मुक्त गर्ने

प्रयत्नलाई उद्धार भनिन्छ । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल र अन्तर्राष्ट्रिय उद्धार टोलीहरुले मिलेर ध्वस्त भएका संरचनाहरुको भग्नावशेष भित्रबाट १६ जना व्यक्तिहरुलाई जीवितै उद्धार गरियो । १६ जना जीवितै उद्धार ज्यादै ठूलो महत्वको काम हो । यस्तो कामको मूल्यांकन उच्च सम्मानको हुन्छ । अव यसरी जीवितै निकाल्न सकिने अवधि समाप्त भएको छ । उद्धारको प्रयत्न फेरी पनि गर्नुपर्छ तर महाविपत्ति व्यवस्थापनको जुन कार्यविधि हुन्छ त्यसमा तीन चरण छन् । पहिलो खोज तथा उद्धार, दोस्रो तात्कालिक राहत र तेस्रो पुर्ननिर्माण र पुनर्स्थापनको काम हो । हामी अहिले उद्धारको चरण पार गर्‍यौ । तर पनि उद्धारका निम्ति हामी जहिले पनि तयार हुनुपर्छ । अब भने हामी सम्पूर्ण रुपमा तात्कालिक राहतको कामका केन्द्रीत हुनुपर्छ । बिस्थापितहरुको लागि तत्काल अस्थायी बसोबासको व्यवस्था गर्नु अत्यावश्यक छ । भत्किएका घर संरचनाबाट थुप्रिएको फोहर हटाइएन भने यसले महामारीको संक्रमण निम्त्याउन सक्छ । घाइतेहरुको उपचारको काम भैरहेको छ । १० हजार भन्दा बढी सरकारी कार्यालयहरु ध्वस्त भएका छन् । ती कार्यालयहरुबाट सञ्चालन हुने सेवालाई पुनसंचालन गर्न तत्काल आवश्यक प्रबन्ध गर्नुपर्ने देखिएको छ । तत्काल मनसुन शुरु हुने भएकोले विस्थापितहरुको उचित बसोबास संगै अन्य सुबिधा एवं कम्तीमा मनसुनसम्मको लागि खाद्यान्यको अग्रिम व्यवस्था गर्नु जरुरी छ । उद्धार पछि राहत तथा पुननिर्माणको चरण त्यत्तिकै महत्वपूर्ण हुन्छ । वास्तविक पीडितलाई राहत उपलब्ध गराउने काममा सबैले सहयोग पुर्‍याउनु आवश्यक छ ।

यी तत्कालिन कामका अतिरिक्त घरबार बिहीन भएका परिवारलाई आवास उपलब्ध गराउन र भत्किएका घर संरचनाको पुननिर्माण तथा साँस्कृतिक र धार्मिक संरचनाको पुननिर्माणका लागि नेपाल सरकारले एउटा राष्ट्रिय पुननिर्माण कोष स्थापना गरिसकेको छ । यसका लागि स्वदेशी तथा विदेशी सहयोगका प्रस्तावहरु आइरहेका छन् । यी सबै पक्षहरुलाई समेटी नेपाल सरकारले यथासीघ्र तत्कालिन तथा दीर्घकालिन कार्ययोजना सार्वजनिक गर्नेछ । विपद् व्यवस्थापनका पूर्व तयारी, उद्धार, राहत तथा पुननिर्माण जस्ता काममा सम्बद्ध निकायको जिम्मेवारी स्पष्ट गर्न मौजुदा दैवी प्रकोप उद्धार ऐनलाई प्रतिस्थापित गर्ने गरी विपद् व्यवस्थापन सम्बन्धी नयाँ विधेयक व्यवस्थापिका संसद समक्ष दर्ता गरिसकिएको छ । सो विधेयक आगामी अधिवेशनबाट पारित हुने अपेक्षा गरिएको छ ।

**सभामुख महोदय,**

अहिले देशमा सार्वभौम अधिकार सम्पन्न नेपाली जनताको निर्वाचित संस्था भनेको संविधान सभा व्यवस्थापिका/संसद मात्र हो । यो राष्ट्रिय महाविपत्तिका अवस्थामा यसका माननीय सदस्यहरुलाई आफ्नो निर्वाचन क्षेत्रमा जान, जनताको उद्धार र राहतमा सक्रिय संलग्नता कायम गर्न, जनताका गुनासाहरु सुन्न, सरकारद्वारा गरिएका कामहरु र अन्य

संस्था र व्यक्तिहरुले गरेका कामहरुको अनुगमन गर्ने र सुझाव दिने पुरा अधिकार छ र यसो गर्ने कर्तव्य पनि उहाँहरुको हो । यो विपत्तिले सबै राजनीतिक पार्टीहरुलाई एक ठाउँमा आउन र एकताबद्ध प्रयत्नद्वारा राष्ट्रलाई यो महाविपत्तिबाट उठाउन अवसर पनि प्रदान गरेको छ । उद्धार, राहत र पुनर्निर्माणमा पार्टी भावनाभन्दा माथि राष्ट्रिय भावनालाई राखेर काम गर्न पनि हामी सबैलाई यसले प्रेरित गरेको छ । आज अगाडि यस सम्वन्धमा कतैबाट कुनै कमीकमजोरी रहेको भए पनि अव आइन्दा सच्याइनुपर्छ । सम्माननीय सभामुखज्यू समक्ष म सबै माननीय सदस्यहरुलाई आ-आफ्ना जिल्लामा गएर आफ्ना निर्वाचन क्षेत्रमा जनतासित एकाकार भई उद्धार, राहत र पुनर्निर्माणको काममा लाग्ने आव्हान गर्न हार्दिक अनुरोध गर्दछु ।

सरकारी राहतको कार्यक्रम मात्र होइन आफ्नो प्रभावलाई प्रयोग गरेर छुट्टै आवश्यक राहत कार्यक्रम सञ्चालन गर्न पनि माननीय सदस्यहरुलाई पुरै अधिकार छ । मेरो यति विनम्र अनुरोध छकि यस्तो काम सम्पन्न गर्दा पार्टी भावना भन्दा माथि उठ्नु पर्दछ । कसैले आफ्नो पार्टीको मात्र प्रभाव फैलियोस् भनेर सरकारले प्रदान गरेको राहतलाई नीजि जस्तो गरी प्रचार गरिरहेकको छ भने त्यो उनिहरुको गलत व्यवहार हो त्यसको आलोचना हुनेनैछ । धैरै माननीयहरुले राष्ट्रिय भावनाबाट ओतप्रोत भएर राष्ट्रको स्वतन्त्रता र सार्वभौमसत्ताको रक्षाका संवेदनशीलता सम्वन्धी विषयमा सरकारको ध्यान आकर्षण गराउनु भएको छ । सरकारले उहाँहरुको भवनालाई सम्मान गर्दछ । उद्धार र राहतमा सरकारी काम कारवाहीको उचित आलोचना पनि गर्नभएको छ । सरकारको ध्यानाकर्षण भएको छ र आगामी दिनमा त्यस किसिमका कमीकमजोरी नदोहोरिने गरी आफ्ना जिम्मेवारीलाई व्यवस्थित गरिनेछ । म यहाँ सबैको ध्यान हाम्रो आफ्नो क्षमता, साधन र स्रोतको अपर्याप्तता र प्रकोपको व्यापकताबाट उत्पन्न वाध्यकारी अवस्थाका सम्वन्धमा पनि विचार पुऱ्याइ मूल्यांकन गरिदिन हार्दिक अनुरोध गर्न चाहन्छु ।

यो भूकम्पबाट आगामी दिनहरुमा आउन सक्ने भूकम्पको खतरा टरेको निष्कर्ष निकाल्नु हुन्न । नेपाल अहिले पनि गंभीर भूकम्पीय जोखिममा रहेको छ । त्यसैले हाल भएका संरचनालाई ढिलाई नगरी भूकम्पीय प्रतिरोधक बनाउनु आवश्यक छ । आगामी दिनहरुमा गरिने कुनै पनि प्रकारका भौतिक विकास वा निर्माणका काम भूकम्पीय जोखिममुक्त हुनुपर्ने कुरालाई कडाइका साथ लागू गर्नु अत्यावश्यक छ । आम जनतालाई यस्तो भूकम्पको अवस्थामा जोगिने उपायका बारेमा सचेत र शिक्षित गर्नुपर्दछ । नेपाल भूकम्पीय उच्च जोखिममा भएको मुलुक हुनाले विद्यालय पाठ्यक्रममै यसलाई समावेश गर्ने सम्बन्धमा पनि सोँच्नु आवश्यक छ ।

यो महाविपत्तिमा हामी सबै प्रभावित छौं । उद्धार तथा राहत कार्यमा खटिने जनशक्ति सहित नीति निर्माणको तह पनि यो विपत्तिबाट प्रभावित छ । यस किसिमको

महाविपत्तिको सामना गर्न सम्पन्न भनिएका मुलुकलाई पनि सहज हुँदैन । यसले हामी सबैलाई मानसिक रुपमा पनि प्रभावित गरेको छ । यसमाथि हामी जस्तो भौतिक रुपमा कमजोर एवं अत्यन्त कठीन भौगोलिक अवस्था भएको मुलुकमा यो महाविपत्ति भएको दुई हप्ताको अवधिमा जे जति काम भएको छ, त्यसलाई प्रशंसा गरिनु पर्दछ । यसले उद्धार तथा राहतमा संलग्न सबैलाई हौसला प्रदान गर्नेछ । कमि कमजोरीहरु महशुस भएका छन् । तिनलाई आगामी दिनमा सुधार गरिनेछ ।

अहिले शोकलाई शक्तिमा बदल्दै आफ्नो मुलुक आफै निर्माण गर्ने राष्ट्रिय अठोट गर्ने अवसर पनि हो । देशभरबाट एवं विदेशमा रहेका नेपालीहरुबाट पनि अहिले जुन किसिमले भूकम्प पीडितहरुको सहयोगका लागि प्रयाशहरु भएका छन् त्यसले नेपालीहरुमा त्यो राष्ट्रिय भाव उच्चस्तरमा रहेको पुष्टी भएको छ । म यस अवसरमा मेची देखि महाकालीसम्म रहे बसेका सबै नेपाली विशेष गरी युवाहरुलाई संगठित रुपमा स्वयंसेवाको अभियान सञ्चालन गरी राष्ट्रिय एकता प्रदर्शित गर्न समेत आव्हान गर्दछु । संविधानसभा र बाहिर रहेका राजनीतिक पार्टीहरुले पनि यो महाविपत्तिको चुनौतिलाई एकताबद्ध भई मिलेर सामना गर्ने अठोट प्रकट गरेका छन् । यो पनि अत्यन्त प्रशंसनीय पक्ष हो ।

संकटले पुर्ननिर्माणको पनि अवसर दिन्छ । विश्वका धेरै मुलुकहरु गंभीर संकटको समयमा एक भएर राष्ट्र निर्माणमा लागेको र मुलुकको सम्बृद्धि गरेको धेरै उदाहरण पाइन्छन् । हामी सबैलाई यो संकटले सबै विवादहरुलाई पाखा लगाई एकताबद्ध भएर पुननिर्माणमा लाग्ने अवसर प्रदान गरेको छ । इतिहासले पटक पटक अवसर दिदैन । हामीले यो संकटलाई राम्रोसँग व्यवस्थापन गर्न सक्नुपर्छ । हाम्रो राष्ट्रिय अस्मिता र स्वाधिनतालाई अझ सुदृढ गर्नका निम्ति एकताबद्ध भई पुननिर्माणमा लाग्न सबैमा हार्दिक र बिनम्र आव्हान गर्दछु ।

अन्तमा, म यो खोज, उद्धार तथा राहत कार्यमा सरकारको निर्देशन वमोजिम नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी बलले गरेको कामको म अत्यन्त सम्मान र प्रशंसाका साथ उल्लेख गर्न चाहन्छु । नेपाली सुरक्षा निकायको यो भूमिका आगामी दिनहरुमा पनि कायम रहनेछ । अत्यन्त न्युन पूर्वाधार, कठीन भौगोलिक अवस्था, न्युन साधन स्रोतहरुका बीचमा बाहिर खुल्ला आकाशमा बसेर, गाउँ गाउँमा पैदल गएर, आफै साधन स्रोतको जोहो गरेर घाइतेहरुको उपचार गर्ने स्वदेशी तथा विदेशी चिकित्सक तथा स्वास्थ्यकर्मीले पुर्‍याउनु भएको निश्वार्थ सेवाको म उच्च प्रशंसा गर्दछु । यस कार्यमा छिमेकी राष्ट्रहरु भारत, चिन लगायत विदेशी मुलुकबाट आएका उद्धारकर्मी, स्वास्थ्यकर्मी तथा स्वयसेवकहरुको भूमिकाप्रति हामी कृतज्ञ छौं । भूकम्प प्रभावित जिल्लाका प्रमुख जिल्ला अधिकारी लगायतका कर्मचारी, सुरक्षा निकायका कर्मचारीहरु र अन्य सबै निकायका

कर्मचारीले अत्यन्त कठीन परिस्थितिमा काम गरिहनु भएको कुरा नेपाल सरकारलाई अवगत छ । बिभिन्न मन्त्रालयका सचिव, गृह मन्त्रालयका कर्मचारीहरु र यस काममा खट्ने सबै कर्मचारीले ज्यादै प्रशसनीय काम गरिरहनु भएको छ । वहाँहरुको भूमिका आगामी दिनहरुमा अझ सकृय र प्रभावकारी हुनु आवश्यक छ । त्यसैगरी नेपाल रेडक्रस, नेपाल स्काउट, गैरसरकारी सँस्था, अन्य सबै स्वयंसेवी सँस्थाहरु, राजनीतिक दलका भातृ संगठनहरु, बिभिन्न पेशाकर्मीहरुले उद्धार तथा राहतमा पुर्याएको सहयोगका लागि नेपाल सरकारको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु । पीडितहरुलाई वस्तुगत तथा नगद सहयोग गर्नुहुने देश तथा विदेशमा बसेका सबै नेपाली, गैर आवासीय नेपालीहरु, स्वदेशी उद्योगी/व्यवसायी, सबै सहयोगी राष्ट्रहरु, सबै विदेशी संघ सँस्था तथा व्यक्तिहरु सबैमा आभार व्यक्त गर्दै तात्कालिक राहत र पुनर्निर्माणको काममा पनि निरन्तर सहयोगको अपेक्षा गर्दछु ।

**सम्माननीय सभामुखज्यू**

यस महाबिनासकारी भूकम्पबाट भएको क्षति, हालसम्म गरिएको उद्धार तथा राहत कार्य, यस विषयमा नेपाल सरकार तथा केन्द्रीय दैवी प्रकोप उद्धार समितिबाट भएका निर्णय लगायतका जानकारी गृह मन्त्रालयको वेवसाइट www.moha.gov.np वा www.drrportal.gov.np मा उपलब्ध छ । यो प्रतिवेदनका साथमा आवश्यक तथ्यांकहरुको विवरण समेत भएको फाइल पनि सम्मानित सदन समक्ष प्रस्तुत गर्दै विदा हुन्छु ।

धन्यवाद ।

वामदेव गौतम

उपप्रधान तथा गृहमन्त्री

२५ वैशाख २०७२ ।

# मिति २०७२।१।२७गते १४.०० वजेसम्मवितरित राहतको विवरण

## खाद्य सामग्री

- चामल १,०७,७९१.७क्वी, (स्थानीयविकास अन्तरगत७६८४४ क्वी र कृषिमन्त्रालयअन्तरगतवाट १२२१०क्वी समेत)
- चिनी७८५.५क्वी (कृषिमन्त्रालयअन्तरगतवाट ३१० क्वी समेत )
- नुन ९५२क्वी (कृषिमन्त्रालयअन्तरगतवाट ४१० क्वी समेत)
- चाउचाउ २१३,०७३ कार्टुन (कृषिमन्त्रालयअन्तरगतवाट ९९२५२ कार्टुन समेत)
- भुजिया ३१.०६ क्वी.
- चिउरा ५६०३क्वी ( कृषिमन्त्रालयअन्तरगतवाट १६४० क्वी. समेत)
- पानी३११४० केस
- विस्कुट ९३६६९ कार्टुन (कृषिमन्त्रालयअन्तरगतवाट ३३६७१ कार्टुन समेत)
- ड्राइफुड २६३० कार्टुन ।
- सिमी/दाल/चना१८५ क्वी.

## गैर खाद्य सामग्री

- टेण्ट/त्रिपाल३,३८,२४९थान (रेडकसवाट३७९३८थान,स्थानीय विकासवाट ७६२९९थान,शहरी विकास मन्त्रालयवाट २७,६६८ समेत )
- कम्मल१०१,७९६थान ( रेडकसवाट ८९४१ थानवितरण )
- मेट्रस ९१६थान
- सोलार लाईट ३५२८ थान
- लत्ता कपडा २९वोरा
- सावुन ५६२२६गोटा( सावुन ४४८७४ गोटा रेडकसवाट वितरण )
- हाइजिन किट ३१९४थान ( रेडकसवाट प्राप्त )
- पानी शुद्धिकरण गर्ने ट्यावलेट ३,९७,७२८ (रेडकसवाट वितरण )
- डेडवडी व्याग ५९५थान । (रेडकसवाट वितरण )

**भूकम्पको क्षति र राहत उद्धारको बैशाख २७ गते १२ बजे सम्मको संक्षिप्त विवरण**

| क्र.स. | विवरण | संख्या/परिमाण/ | कैफियत |
|---|---|---|---|
| १ | मृतकको संख्या | ८०१९ | नेपाल प्रहरी |
| २ | शव बुझाइएको संख्या | ७९४० | नेपाल प्रहरी |
| ३ | घाइते संख्या | १६०३३ | नेपाल प्रहरी |
| ४ | बेपत्ता संख्या | ३६६ | नेपाल प्रहरी |
| ५ | घर क्षति पूर्ण | २०२१६१ | नेपाल प्रहरी |
| ६ | घर क्षति आंशिक | २१४१८८ | |
| ७ | नेपाली सेना,भारतीय सेना,अमेरिकी,चिनीया र निजी ६ संस्थाका हेलि उडान | ५१५९ पटक | |
| ८ | हालसम्म उद्धार गरिएको संख्या | हवाई ९५३०<br>जमिन १५६० | |
| ९ | भग्नावशेषबाट जीवित उद्धार गरिएको | १६ जना | |
| १० | अति प्रभावित जिल्ला | १४ | |
| ११ | मानवीय क्षति भएका थप जिल्ला | १७ | |
| १२ | खोजी तथा उद्धारमा खटिएका टोली | निजामती कर्मचारी- २२,५००<br>नेपाली सेना- ६५,०१६<br>नेपाल प्रहरी ४१,७७६<br>सशस्त्र प्रहरी - २४,७७५<br>सरकारी स्वास्थ्यकर्मी ९५००<br>निजी क्षेत्रका स्वास्थ्यकर्मी ४००० | |
| १३ | खोजी तथा उद्धारमा खटिएका विदेशी टोली | ३४ मित्रराष्ट्रका ४०५० व्यक्ति र १२९ वटा CANINE | |
| १४ | अन्तराष्ट्रिय स्वास्थ्य टोली | ८७ समूहका १४०० भन्दा बढी | |
| १५ | **राहात वितरण (गैर खाद्य)**<br>पाल/ त्रिपाल वितरण<br>कम्मल<br>मेट्रेस<br>सोलार लाईट<br>लत्ता कपडा<br>सावुन<br>हाइजिन किट<br>पानी शुद्धिकरण गर्ने ट्यावलेट<br>डेड बोडी ब्याग | <br>२६६६८१८<br>३२५७० थान<br>५६९ थान<br>३५२८ थान<br>२१ वोरा<br>५६२२६ थान<br>२६७० थान<br>२,१३,१७२<br>५१५ | रेडक्स १९,४४४ थान, स्थानीय निकाय वाट ७७२६१ थान, शहरी विकास मन्त्रालयवाट २६,००३, UNHCR ११००० समेत। |
| १६ | **राहात वितरण (खाद्य सामग्री)**<br>चामल<br>चिनी<br>नुन .<br>चाउचाउ<br>भुजिया<br>चिउरा<br>पानी<br>विस्कुट<br>दाल,सीमी ,चना<br>दालमोट,बदाम अन्य ड्राइ फुड | <br>१,०५,५९४.५.क्वी<br>७१९.५ क्वी<br>८५७ क्वी<br>२११,७२३ कार्टुन<br>३१.०६ क्वी<br>४८९५ क्वी<br>१७७९८ केस<br>८१,५५९ कार्टुन<br>१४५ क्वी<br>२५२५ कार्टुन | |
| १७ | केन्द्रीय दैवी प्रकोप उद्धार कोषबाट निकासा | १ अर्व ८६ करोड ९ लाख | |
| १८ | यस विनासकारी भूकम्प बारेको सम्पूर्ण जानकारी नियमित रुपमा मन्त्रालयको website www.drrportal.gov.np र www.moha.gov.np मा राखी नियमित रुपमा update गर्ने गरिएको । | | |
| १९ | यस विनासकारी भूकम्प बारे neoc टाइप गरी ११३३ मा SMS गरी जानकारी लिने व्यवस्था मिलाइएको । | | |

मिति र समय २०७२।१।२७ गते १३:१५ बजे सम्म प्राप्त विवरण (www.drrportal.gov.np)

| सि.नं | | घरधुरी संख्या जनगणना २०६८ | जनसंख्या जनगणना २०६८ | मृतक तथा घाइते | | घर क्षति | | | | | | | पशुपक्षी क्षति | अनुमानित क्षति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | मृतक | घाइते | सरकारी | | सर्वसाधारण | | कूल घरको | विस्थापित | | | | |
| | | | | | | पूर्ण | आंशिक | पूर्ण | आंशिक | | परिवार | संख्या | | | |
| पूर्वाञ्चल विकास क्षेत्र | | | | | | | | | | | | | | | |
| १ | झापा | १८४५५२ | ८१२६५० | ० | १९ | १ | ३५ | १ | २९ | ०.०४ | | | | | |
| २ | इलाम | ६४५०२ | २९०२५४ | ० | ६ | ७ | २५ | ३१६ | ३९३ | १.१५ | | | १ | | |
| ३ | पाँचथर | ४११९६ | १९१८१७ | ० | ५ | ९ | ५६ | ४१ | ४८१ | १.४२ | | | ४ | | |
| ४ | ताप्लेजुङ | २६५०९ | १२७४६१ | १ | ४ | ० | ५३ | ३ | ३३८ | १.४९ | | | | ८,११,२४,००० | विद्यालय समेत |
| ५ | मोरङ | २१३९९७ | ९६५३७० | २ | ४८ | ० | २३ | २ | ४० | ०.०३ | | | | | |
| ६ | सुनसरी | १६२४०७ | ७६३४८७ | ७ | २५ | १ | ५० | २ | २१ | ०.०५ | | | | | |
| ७ | धनकुटा | ३७६३७ | १६३४१२ | ० | २ | ० | ३६ | १५ | ८५ | ०.३६ | | | | | |
| ८ | तेह्रथुम | २२०९४ | १०१५७७ | ० | २ | १ | ११ | १६२ | ५०७ | ३.०८ | | | | | |
| ९ | भोजपुर | ३९४१९ | १८२४५९ | २ | ८ | १३ | २५ | १३०९ | २१९५ | ८.९९ | | | | | घर क्षति कुलमात्र |
| १० | संखुवासभा | ३४६२४ | १५८७४२ | ० | ५ | ६७ | ७९ | ३२६ | ७६६ | ३.५८ | | | | | |
| ११ | सप्तरी | १२१०९८ | ६३९२८४ | ० | १७ | १ | १४ | ० | ४७ | ०.०५ | | | | | |
| १२ | सिराहा | १७७९६२ | ६३७३२८ | ० | २४ | ० | १ | ० | ५७ | ०.०३ | | | | | |
| १३ | उदयपुर | ६६५५७ | ३१७५३२ | ० | २९ | ३ | २२८ | ९५ | २४३ | ०.८५ | | | | | |
| १४ | खोटाङ | ४२६६४ | २०६३१२ | ० | ४ | १९ | ५६ | २११० | ४९८६ | १६.८१ | २११० | १२५३७ | | | |
| १५ | ओखलढुङ्गा | ३२५०२ | १४७९८४ | १९ | ५३ | ११ | १२ | ८००० | १०००० | ५५.४५ | | | | | |
| १६ | सोलुखुम्बु | २३७८५ | १०५८८६ | २२ | ८० | २१ | १३ | २४८३ | ६१७६ | ३६.५५ | ० | ११०१५ | | | विद्यालय ९५ |
| | जम्मा | १२९१५०५ | ५८११५५५ | ५३ | ३३१ | १५४ | ७१७ | १४८६५ | २६३६४ | ३.२६ | | | | | |
| मध्यमाञ्चल विकास क्षेत्र | | | | | | | | | | | | | | | |
| १ | काठमाडौं | ४३६३४४ | १७४४२४० | १२२२ | ४६३४ | ९९९० | १२९१५ | ३३१६५ | ५०७३४ | २४.४८ | | | २९०३ | | प्रजिअ |
| २ | भक्तपुर | ६८६३६ | ३०४६५१ | ३१५ | १८६१ | ० | ० | ७००० | २००० | १३.११ | | | २७५८४ | | |
| ३ | ललितपुर | १०९७९७ | ४६८१३२ | १७६ | २५२९ | २५२ | २५९ | १६३४४ | ५८५१ | २०.६८ | २२११९ | | ६००० | | |
| ४ | नुवाकोट | ५९२१५ | २७७४७१ | ९९८ | १३११ | १६ | ० | ३०००० | १५००० | ७६.०२ | | | | | |
| ५ | धादिङ | ७३८५१ | ३३६०६७ | ७१८ | ७०२ | २०० | २८ | २०००० | १५००० | ४७.७० | | | | | |
| ६ | रसुवा | ९७७८ | ४३३०० | ५२५ | ७५३ | ० | ० | ८००० | १००० | ९२.०४ | | | | | |
| ७ | काभ्रेपलाञ्चोक | ८०७२० | ३८१९३७ | ३१७ | २७८० | २ | ९३ | ३०००० | १८५४५ | ६०.२६ | | | | | |
| ८ | सिन्धुपाल्चोक | ६६६८८ | २८७७९८ | ३१०७ | ८५९ | ० | ० | ४४३१० | १८९९१ | ९४.९२ | | | | | |
| ९ | धनुषा | १३८२४९ | ७५४७७७ | १ | १९ | ० | ० | १ | ० | ०.०० | | | | | |
| १० | दोलखा | ४५६८८ | १८६५५७ | ७५ | ३०४ | ६ | ० | ५००० | ३५००० | ८७.५६ | ५०,००० | २,००,००० | | | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | महोत्तरी | १११३१६ | ६२७५८० | ० | १० | ० | १३ | ४३ | ३८ | ०.०८ | | | | | |
| १२ | रामेछाप | ४३९१० | २०२६४६ | २७ | ३४ | ० | ० | १७०७२ | २३१४९ | ९१.६० | | | | | |
| १३ | सर्लाही | १३२८४४ | ७६९७२९ | १ | ५० | ० | ० | ५६ | ३१३ | ०.२८ | १४७ | ८८० | | | |
| १४ | सिन्धुली | ५७५८१ | २९६१९२ | १२ | १४८ | १८ | १६६ | ४१५९ | ८५४५ | २२.३८ | | | ३१८ | | |
| १५ | बारा | १०८६३५ | ६८७७०८ | ५ | २९ | ५ | २ | ७ | ४९ | ०.०६ | | | | | |
| १६ | चितवन | १३२४६२ | ५७९९८४ | ७ | ९५ | ५ | ६ | २०४६ | ३२१७ | ३.९८ | | | | | |
| १७ | मकवानपुर | ८६१२७ | ४२०४७७ | ३३ | १२७ | ० | ० | | ४९७ | #[illegible] | | | | | |
| १८ | पर्सा | ९५५३६ | ६०१०१७ | ५ | २३ | ० | १४ | १६ | २० | ०.०५ | | | | | |
| १९ | रौतहट | १०६६६८ | ६८६७२२ | १ | २६ | ० | ३२ | २४ | १७० | ०.२१ | | | | | |
| | जम्मा | १९६४०४५ | ९६५६९८५ | ७५४५ | १६२९४ | १०४९४ | १३५२८ | २१७२४३ | १९८११९ | २२.३७ | | | | | |
| पश्चिमाञ्चल विकास क्षेत्र | | | | | | | | | | | | | | | |
| १ | बाग्लुङ | ६१५२२ | २६८६१३ | ० | ६ | ३० | ३६ | ११३२ | १९४३ | ५.११ | ६०७ | | १३ | | प्रजिअ |
| २ | मुस्ताङ | ३३५४ | १३४५२ | ० | १ | २ | १९ | ५६ | ६१७ | २०.६९ | | | | | |
| ३ | म्याग्दी | २७७६२ | ११३६४१ | ० | ७ | ० | ० | ९७ | ४९० | २.११ | | | | | |
| ४ | पर्वत | ३५७१९ | १४६५९० | ० | ११ | ९ | ३९ | ७७७ | १६१७ | ६.८४ | | | | | |
| ५ | गोरखा | ६६५०६ | २७१०६१ | ४१० | १०३० | ४० | १४ | ४४६०७ | १३२३६ | ८७.०६ | | | | | सामान्य घर क्षति २१२ सप्रजिअ |
| ६ | कास्की | १२५६७३ | ४९२०९८ | २ | ३० | ० | ५५ | १७४ | ७०० | ०.७४ | | | | | |
| ७ | लमजुङ | ४२०७९ | १६७७२४ | ५ | ३१ | ३६ | ९५ | ७४३० | ० | १७.९७ | | | ५३ | | सामान्य घर क्षति ४३३४ |
| ८ | मनाङ | १४०० | ६५३८ | ० | १ | २ | ४८ | ५ | ६८ | ८.७९ | | | | | |
| ९ | स्याङ्जा | ६८८८१ | २८९१४८ | ० | ६ | १२ | ९१ | ३११९ | ९६९५ | १८.७५ | | | ७ | | |
| १० | तनहुँ | ७८३०९ | ३२३२८८ | १ | २१ | ५ | ४४ | ४९२७ | १५९१८ | २६.६८ | | | | | |
| ११ | अर्घाखाँची | ४६८३५ | १९७६३२ | ० | २ | २ | २९ | १४० | ४८५ | १.४० | | | | | |
| १२ | गुल्मी | ६४९२१ | २८०१६० | ० | ७ | ० | १०१ | ८२८ | २५५७ | ५.३७ | | | ७ | | |
| १३ | कपिलबस्तु | ९१३२१ | ५७१९३६ | ० | ३ | ० | १ | ० | २४ | ०.०३ | | | | | |
| १४ | नवलपरासी | १२८७९३ | ६४३५०८ | १ | १४ | २ | १२ | २९८ | १५४१ | १.४४ | २२४ | १६९१ | | | |
| १५ | पाल्पा | ५९२९१ | २६११८० | ० | १५ | ० | १२० | १०६० | १५१० | ४.५४ | | | | | |
| १६ | रुपन्देही | १६३९१६ | ८८०१९६ | ० | ३० | ० | ० | १० | १०४३ | ०.६४ | | | | | |
| | जम्मा | १०६६२८२ | ४९२६७६५ | ४१९ | १२१५ | १४० | ७०४ | ६४६६० | ५१४४४ | १०.९७ | | | | | |
| | | | | | | | | | | | | | | | |
| मध्यपश्चिमाञ्चल विकास क्षेत्र | | | | | | | | | | | | | | | |
| १ | बाँके | ९४७७३ | ४९१३१३ | ० | ० | ० | ० | ० | ८१ | ०.०९ | | | | | |
| २ | बर्दिया | ७३१७६ | ४२६५७६ | ० | २ | ० | ० | ० | ४० | ०.०५ | | | | | |
| ३ | दैलेख | ४८९१९ | २६१७७० | ० | ० | ० | ० | ० | ९ | ०.०२ | | | | | |
| ४ | जाजरकोट | ३०४७२ | १७१३०४ | ० | १ | ० | ० | ० | २८ | ०.०९ | | | | | |
| ५ | सुर्खेत | ७२८६३ | ३५०८०४ | ० | ३ | ० | ११ | १ | ३१ | ०.०६ | | | | | |
| ६ | जुम्ला | ९४७९ | ५०८५८ | ० | २ | ० | ० | ० | २ | ०.०२ | | | | | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | दाङ | ९६१९ | ५५२८६ | ० | ३ | १ | १९ | ७ | ५०८ | ५.५६ | | २४ | | | |
| ८ | प्यूठान | ७४८८ | ३६७०० | ० | ७ | ० | ० | ३ | ६६ | ०.९२ | | | | | |
| ९ | रोल्पा | २३०१३ | १३६९४८ | १ | ५ | १ | १५ | ४२ | ८० | ०.६० | | | | | |
| १० | रुकुम | १९३०३ | १०८९२१ | १ | १ | १० | १६ | ६१ | १२० | १.०७ | | | | | |
| ११ | कालिकोट | ११६४१५ | ५५२५८३ | ० | ० | ० | १ | २ | ० | ०.०० | | | | | |
| १२ | सल्यान | ४७७३० | २२८१०२ | ० | २ | ३ | १६ | १८ | १४७ | ०.३९ | | | | | |
| १३ | मुगु | ४३७५७ | २२४५०६ | ० | ० | ० | ० | ० | ० | - | | | | | |
| १४ | डोल्पा | ४१८५६ | २०८५६७ | ० | ० | ० | | १ | ५ | ०.०१ | | | | | |
| १५ | हुम्ला | ४६५५८ | २४२४४४ | ० | ० | ० | ० | ० | ० | - | | | | | |
| | जम्मा | ६८५४२१ | ३५४६६८२ | २ | २६ | १५ | ७८ | १३५ | १११७ | ०.२० | | | | | |
| सुदुरपश्चिमाञ्चल विकास क्षेत्र | | | | | | | | | | | | | | | |
| १ | कञ्चनपुर | ८२१५२ | ४५१२४८ | ० | १ | ० | १ | ० | ० | ०.०० | | | | | |
| २ | डडेल्धुरा | २७०४५ | १४२०९४ | ० | ० | ० | ० | ० | १ | ०.०० | | | | | |
| ३ | बैतडी | ४५१९१ | २५०८९८ | ० | ० | ० | ० | ० | ० | - | | | | | |
| ४ | दार्चुला | २४६१८ | १३३२७४ | ० | ० | ० | ० | ० | ० | - | | | | | |
| ५ | कैलाली | १४२४८० | ७७५७०९ | ० | १ | ० | ५ | ० | ४ | ०.०१ | | | | | |
| ६ | अछाम | ४८३५१ | २५७४७७ | ० | ० | ० | ० | | ० | - | | | | | |
| ७ | डोटी | ४१४४० | २११७४६ | ० | ० | ० | १ | ० | ० | ०.०० | | | | | |
| ८ | बाजुरा | २४९०८ | १३४९१२ | ० | ० | ० | ० | ० | १ | ०.०० | | | | | |
| ९ | बझाङ | ३३७८६ | १९५१५९ | ० | ० | ० | ० | ० | ० | - | | | | | |
| | जम्मा | ४६९९७१ | २५५२५१७ | ० | ० | ० | ७ | | ६ | ०.०० | | | | | |
| | कुल जम्मा | ५४७७२२४ | २६४९४५०४ | ८०१९ | १७८६६ | १०८०३ | १५०३४ | २९६९०३ | २७७०५० | १०.९५ | | | | | |

मिति २०७२ वैसाख १२ गते गएको विनासकारी भूकम्प पश्चात वितरित राहत सामाग्री विवरण        ०७२।१।२७ १४बजे

| सि.नं. | जिल्ला | रकम निकासा ( | खाद्य सामाग्री | | | | | | | | वितरणको विवरण | | | | | | | | | नगद | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चामल क्वी.मा | चिनी क्वी.मा | नून क्वी.मा | चिउरा क्वी.मा | चाउचाउ कार्टुन | विस्कुट कार्टुन | पानी कार्टुन | अन्य | चामल क्वी.मा | चिनी क्वी.मा | नून क्वी.मा | चिउरा क्वी.मा | चाउचाउ कार्टुन | विस्कुट कार्टुन | ड्राइफुड कार्टुन | पानी कार्टुन | अन्य | वितरण ( लाखमा) | |
| 1 | सिन्धुपाल्चोक | 26.71 | 5267 | 67 | 53 | 633 | 17090 | 9583 | 2896 | | 5263.02 | 150 | 22.66 | 231 | | 7596 | | | 6246 | | |
| 2 | रसुवा | 9.08 | 997 | 25 | 34 | 9 | 4922 | 3120 | 40 | | 616 | 21 | 44 | 130 | 1193 | 180 | | | | 44.80 | |
| 3 | धादिङ | 16.97 | 2117 | 53 | 66.5 | 198 | 5469 | 4512 | 1060 | | 5133 | 111.5 | 573.5 | 1630 | 10559 | 8053 | 115 | 180 | | | |
| 4 | काभ्रे | 5.87 | 3556 | 84 | 68 | 413 | 9585 | 6077 | 1007 | | 2521 | 19 | 11.5 | 515.2 | 5469 | 4448 | | 596 | | | |
| 5 | नुवाकोट | 14.59 | 2268 | 42 | 34 | 381 | 9901 | 2249 | 1914 | | 125 | 5 | 10 | | 4008 | 900 | | | | | |
| 6 | सिन्धुली | 0.34 | 656 | 22.5 | 26 | 6 | 1330 | 2505 | 520 | | 522.9 | 18 | 36.65 | 861.5 | 1945 | 2005 | 20 | 1079 | | 3.60 | |
| 7 | ओखलढुंगा | 2.68 | 524.5 | 0 | 13 | 20.7 | 3500 | 755 | 24 | | 9 | 0 | 10 | 50 | 1400 | 70 | | | | | |
| 8 | रामेछाप | 9.24 | 788 | 25 | 14 | 61.5 | 2715 | 1603 | 100 | | 65.4 | 9 | 1.6 | | | | | 324 | | 10.00 | |
| 9 | गोरखा | 8.07 | 1574 | 98.5 | 43 | 234 | 9194 | 9499 | 1641 | | 2844.35 | 49.96 | 228.3 | 1984.9 | 23539 | 21028 | 103.9 | 7392 | 144 | | |
| 10 | दोलखा | 15 | 1325 | 28.5 | 38 | 88 | 20150 | 2728 | 528 | | 917 | 40.8 | 44.16 | 97.9 | 8471 | 1774 | 807 | 185 | | 1100.00 | |
| 11 | मकवानपुर | 1.33 | 203 | 20 | 23 | | 1680 | 880 | 50 | | 383.55 | 15.88 | 47.66 | 360.45 | 3134 | 1221 | 21.89 | 330 | | 20.20 | |
| 12 | काठमाण्डौ | 16.3 | 3166.5 | 25 | 114 | 380 | 23233 | 12528 | 13721 | 35 | 2680 | 18.42 | 57.89 | 450 | 8670 | 6587 | 167 | 17444 | 1751 | 19520.00 | |
| 13 | ललितपुर | 3.71 | 1349 | 20.5 | 31 | 389 | 12378 | 1545 | 3736 | | 1312 | 17.04 | 21 | 418 | 8107 | 865 | 12 | 1300 | | 47.00 | |
| 14 | भक्तपुर | 5.67 | 1374.5 | 23 | 33 | 404 | 17446 | 5525 | 2255 | | 837.2 | 26 | 26 | 401.7 | 9670 | 3842 | | 310 | 4.5 | 97.60 | |
| 15 | लमजुंग | 2.55 | 325 | | 5 | | 3450 | 2884 | 10 | | 920.1 | 31.5 | 77.5 | 123.6 | 1474 | 1584 | 1312 | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | 138.11 | 25491 | 534 | 595.5 | 3217 | 142043 | 65993 | 29502 | 35 | 24149.5 | 533.1 | 1212 | 7254.2 | 87639 | 60153 | 2559 | 29140 | 8145 | 20843.2 | |

मिति २०७२ बैसाख १२ गते गएको विनासकारी भूकम्प पश्चात वितरित राहत सामाग्री विवरण ०७२।१।२७ १४बजे

| सि.नं. | जिल्ला | गैर खाद्य सामाग्री | | | | | वितरणको विवरण | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | टेन्ट थान | त्रिपाल थान | कम्बल थान | मेट्रेस थान | अन्य | टेन्ट थान | त्रिपाल थान | कम्बल थान | मेट्रेस थान | अन्य | |
| 1 | सिन्धुपाल्चोक | | 38728 | 8247 | 272 | 14.5 | | 7213 | 704 | 63 | 198 | |
| 2 | रसुवा | | 10524 | 2317 | | 54 | 15 | 652 | 1882 | | 43 | |
| 3 | धादिङ | | 14217 | 920 | | 50 | | 21288 | 9170 | 5709 | | |
| 4 | काभ्रे | | 28410 | 1840 | 243 | 115 | 1 | 8112 | 2456 | | | |
| 5 | नुवाकोट | | 20210 | 2535 | 50 | 5 | | 3400 | 220 | | | |
| 6 | सिन्धुली | | 22440 | 1652 | 654 | 58 | | 6730 | 897 | 635 | | |
| 7 | ओखलढुंगा | | 12024 | 3528 | 144 | | | 1530 | 1050 | | | |
| 8 | रामेछाप | | 26956 | 100 | | 2620 | | 6000 | 40 | | | |
| 9 | गोरखा | | 29098 | 1285 | | 7 | | 27890 | 4030 | 3225 | 22 | |
| 10 | दोलखा | | 31553 | 660 | | 30 | 170 | 5030 | 2855 | 155 | 1100 | |
| 11 | मकवानपुर | | 13998 | | | | | 14093 | 5270 | 5890 | | |
| 12 | काठमाण्डौ | | 43567 | | 23 | 35 | 50 | 6747 | 1030 | 810 | 10055 | |
| 13 | ललितपुर | | 22841 | 860 | | 651 | | 9747 | 556 | | 20 | |
| 14 | भक्तपुर | | 21071 | | | | | 3062 | 1110 | | 10 | |
| 15 | लमजुङ्ग | | 4584 | | | | | 5200 | 612 | 518 | | |
| | | | | | | | | | | | | |
| | | | 340221 | 23944 | 1386 | 3639.5 | 236 | 126694 | 31882 | 17005 | 11448 | |

## विदेशी राष्ट्र तथा संस्थाबाट प्राप्त राहत सम्बन्धी विवरण २०७२/१/२७ गते १४ बजे

| क्रस | राहत प्रदान गर्ने मुलुक , संस्था | खाद्य पदार्थ सम्बन्धी विवरण (परिमाण) | | | | | | | | | गैर खाद्य पदार्थ सम्बन्धी विवरण (परिमाण) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चामल क्वी.मा | चिनी क्वी.मा | नून क्वी.मा | चिउरा क्वी.मा | चाउचाउ कार्टुन | विष्कुट कार्टुन | ड्राइफुड कार्टुन | पानी कार्टुन | अन्य | टेन्ट थान | त्रिपाल थान | कम्बल थान | मेट्रेस थान | अन्य | |
| १ | भारत | ३०८८ | ५७२ | १५३ | २०९१ | १४४६५ | ३४९७८ | ६४४४ | १०३५८१ | १९९४३ | १३०२७ | २१६२७१ | १८११४२ | ११९०५ | ४९४४ | |
| २ | वगलादेश | | | | | | ५०० | | ३६४ | | ४४५ | | | | ४० | |
| ३ | म्यानमार | | | | | १७० | | | | | | | | | १००० | |
| ४ | पाकिस्तान | | | | | | | | | २४२ | १५९२ | २१६० | ३३० | | | |
| ५ | चीन | | | | | | | | ११०० | | ४१४१ | ७८ | १६१७५ | 40 | १८९० | |
| ६ | थाइल्याण्ड | २०७ | | | | | | | 27 | ३४ | ८७ | 875 | ४०१२ | ७३१ | ४३२ | |
| ७ | श्री लङ्का | | | | | १७३ | | | ३८७ | २०६ | | | | | १८५ | |
| ८ | इन्डोनेशिया | | | | | | | | | ३२२८ | १३९ | ६१७ | ६६९४ | ११५१ | १३० | |
| ९ | अजरवैजान | | | | | | | | १९ | | | ८४ | ४२७ | | १२२ | |
| १० | कोरिया | | | | | | | | | | ९३ | | | | | |
| ११ | अल्जेरिया | | | | | | | | | | ९२ | | २८८२ | | २०८० | |
| १२ | मर्सीकप | | | | | | | | | | | | | | ३२ | |
| १३ | ओमन | | | | | | | | | | ९८ | | १३५ | १५५ | | |
| १४ | स्वीट्जरल्याण्ड | | | | | | | | | | | | | | ३५१ | |
| १५ | सिगापुर | | | | | | | | | ११ | | | ३३२० | | ४ | |
| १६ | जर्मनी | | | | | | | | | | | | | | ४७ | |
| १७ | क्यानडा | | | | | | | | | | | | | | २१५ | |
| १८ | सिपा | | | | | | | | | | | | | | ५५. | |
| १९ | जापान | | | | | | | | | | ६९४ | | २२२५ | | २० | |
| २० | नेदरल्याण्ड | | | | | | | | | | | | | | २८ | |
| २१ | भुटान | | | | | | | | ७५० | | | | | | | |
| २२ | पोल्याण्ड | | | | | | | | | ५१ | | | | | | |
| २३ | वहराइन | ३७ | | | | | | | | ६७९ | | | १६० | | ६६४ | |
| | जम्मा | ३२९५ | ५७२ | १५३ | २०९१ | १४८०८ | ३५४७८ | ६४४४ | १०६२२८ | २३७१४ | २०४०८ | २२००८५ | २१७३४२ | १३९८२ | १२२३९ | |